पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : ३३ | २०७० चैत ७ गते शुक्रबार (Mar. 21, 2014) | मूल्य रू. १०/-


## राप्रपा नेपालले हिन्दूराष्ट्रको मुद्धा उठाएन

काठमाडौं । राप्रपा नपालले हिन्दू राष्ट्रको मुद्दालाई मुख्य एजेन्डाको रूपमा उठाएर संसद, संविधानसभा तताउला, यो तातोको समर्थनमा हिन्दूराष्ट्रका समर्थकहरूले सडकबाट समेत आन्दोलन गर्लान् भनेको त त्यस्तो छनकै देखिएन ।

भाषण गर्दै देश भ्रमण गरेका राप्रपा नेपालका अध्यक्ष कमल थापाले 'हामी २४ जना नै काफी छौं, हिन्दू राष्ट्र घोषणा हुनै पर्छ, अन्यथा संसद, संविधानसभादेखि सडकसम्म आन्दोलन गर्छौं' भनेपनि अहिले सम्म 'महत्वको विषयका रूपमा राप्रपा नेपालले हिन्दूराष्ट्रको मुद्दाको उठान नै गरेको छैन ।

हुन त नियमावली पारित भएको छैन र संविधान निर्माण प्रक्रिया सुरू भइसकेको छैन । तथापि एक वर्षमा संविधान लेख्ने (**बाँकी अन्तिम पेजमा**)

# संविधान निर्माणको जिम्मा तीन बाहुनलाई

काठमाडौं । सभामुख सुवास नेम्वाङले बाहुनभन्दा म चलाख हुन्छ भन्ने अक्किल झिकेर ठूला तीन दलका तीन बाहुन नेतालाई अगाडि सारेका छन् । सर्प पनि मर्ने, लठ्ठी पनि नभाँचिने र आफू पनि सफल भइने । यो अक्किलको अभिष्ठ संविधान बनेपछि नेम्वाङ राष्ट्रपति बन्ने उनका एक सल्लाहकारले बताएका छन् । उनको दाबी छ, अब नेपालमा भोटे राजा हुन्छ । सुवास नेम्वाङ राष्ट्रपति बन्छन् भनेर उनी उत्साहित देखिन्छन् ।

जे होस् नेम्वाङले पहिलो संविधानसभाका विवादित विषय भनेको पद्दति, शासकीय स्वरूप, प्रणाली, शक्ति पृथकीकरण, संघीयता हुन् र यसको सहमति खोज्ने जिम्मा प्रचण्डलाई र प्रचण्डले सहमति खोजेका विषयलाई संविधानमा लेख्ने जिम्मा एमालेका माधव नेपाललाई दिने तयारी (**बाँकी अन्तिम पेजमा**)







## प्रचण्डलाई 'बाबुराम ग्रहण'

काठमाडौं । 'आलोपाले पार्टी नेतृत्व गरौं, नभए युवापुस्तालाई पार्टी नेतृत्व हस्तान्तरण गरेर पार्टीलाई जिवन्त पारौं' भन्ने नेता डा.बाबुराम भट्टराईको प्रस्तावले अध्यक्ष प्रचण्ड डाहा छटपटिमा परेका छन् । उनले 'बाबुराम ग्रहण'को ओखती गर्न बुद्धनगरको मोहन वैद्य गुहार्न पुगे । वैद्यले प्रचण्डको नाडी छामेर 'स्थानीय चुनाव रोक, जनयुद्धकालिन मुद्दा नउठाउ' भन्ने संयुक्त वक्तव्यले मन्छाएपछि प्रचण्डलाई सन्चो भएको छ । यो संयुक्त वक्तव्यले बाबुराम घायल भएका छन् ।

२१ महिनापछि प्रचण्ड-वैद्यबीच मित्रमिलाप भयो, बाबुराम रिङ आउट भए । विपक्षी कांग्रेस-एमालेमा अब दुवै माओवादी मिल्ने भए भन्ने 'डर' पनि उत्पन्न भएको छ । दुवै माओवादीले स्थानीय चुनाव संघीयतासहितको संविधानको घोषणा गरेपछि मात्र गर्नुपर्छ भन्दै जनयुद्धकालिन मुद्दालाई मेलमिलाप (**बाँकी अन्तिम पेजमा**)

# हिन्दू राज्य कायम गर्न २४ सभासद् नै काफी

**अभियान संवाददाता**

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले ठूला भनिएका दलहरूकै पुरानै नीति, कारण र प्रवृत्तिले गर्दा अब पनि संविधान निर्माण हुन नसक्ने खतरा बढेको बताएका छन् । पहिलो संविधानले गलत मार्गचित्र, निषेधको राजनीति र सत्ता लिप्साका कारण संविधान निर्माणमा दलहरू असफल भएको बताउँदै अहिले कांग्रेस र नेकपा एमालेबीच भएको ७ बुँदे सहमतिले गर्दा पनि संविधान निर्माण हुन नसक्ने खतरा रहेको बताएका छन् । राप्रपा नेपालले हालै सुनसरीको इटहरीमा आयोजना गरेको कोशी अञ्चल स्तरीय पार्टी कार्यकर्ताहरूको भेलालाई सम्वोधन गर्दै अध्यक्ष थापाले ठूला भनाउँदा दलहरूको व्यवहार हेर्दा उनीहरूले संविधानसभामा नयाँ विचारलाई निषेध गर्ने षड्यन्त्र गरेको आरोप लगाउँदै विघटन भएको संविधानसभाको स्वामित्व अहिलेको संविधानसभाले लिन नहुने राप्रपा नेपालको अडान रहेको प्रष्ट पारेका थिए । अध्यक्ष थापाका अनुसार पहिलो संविधानसभाले कुनै निर्णय नगरेको उद्घोष गर्दै ठूला भनिएका तत्कालीन केही दलहरूले रिसोर्टमा गएर गरेका निर्णयहरू आफ्नो पार्टीलाई स्वीकार्य नहुने बताउँदै अध्यक्ष थापाले राप्रपा नेपालदेखि माओवादीसम्मका एजेन्डाहरू मिलाएर मध्यमार्गी सहमति गरेर अघि बढ्नुपर्ने उद्घोष गरेका छन् ।



संविधानसभाको दोस्रो निर्वाचनपछि सबै दलहरू राष्ट्रपति र उपराष्ट्रपतिको चुनावका पक्षमा रहे पनि कांग्रेस र एमालेबीच भएको सात बुँदे सहमतिले राष्ट्रपति र उपराष्ट्रपतिलाई ड्राइभिङ लाइसेन्स जस्तो नवीकरण गरेर टुंग्याएको भन्दै ठूला भनिएका (**बाँकी अन्तिम पेजमा**)

## जेठ-असारसम्ममा स्थानीय चुनाव असम्भव

**अभियान संवाददाता**

काठमाडौँ । सत्ताधारी दल नेपाली काँग्रेस र नेकपा एमालेले जेठ-असारसम्ममा स्थानीय निकायको चुनाव सम्पन्न गराउने उद्घोष गरे पनि अहिलेकै अवस्थामा जेठ असारसम्ममा चुनाव हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको छ । स्थानीय निकायको चुनावका बारेमा राजनीतिक दलहरूबीच सहमति हुन सकेको छैन । संविधानसभा/व्यवस्थापिका संसद्मा तेस्रो ठूलो पार्टी भएको एमाओवादीले संविधान निर्माण भएपछि मात्र स्थानीय निकायको चुनाव हुनुपर्ने जिकिर गर्दै आफ्नै पार्टीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीसँग मिलेर संविधान निर्माणपछि मात्र स्थानीय निकायको चुनाव गराउनु पर्ने साझा विज्ञप्ती निकालेको र यदि सरकारले जबर्जस्ती गर्न खोजेको खण्डमा दुई पार्टीले संयुक्त आन्दोलन गर्ने चेतावनीसमेत दिएको हुनाले जेठ असारमा स्थानीय निकायको सम्भव नदेखिएको हो ।

संविधानसभाको निर्वाचनमा जाँदा प्रायः सबै दलहरूले आ-आफ्ना घोषणापत्रमा ६ महिनाभित्रमा स्थानीय निकायको निर्वाचन गर्ने प्रतिवद्धता जनाएका थिए । काँग्रेस-एमालेले त्यसै अनुरूप जेष्ठमा निर्वाचन गर्न चाहे पनि उनीहरूले अहिलेसम्म सबै दलहरूलाई विश्वासमा लिन सकेका छैनन् । एमाओवादीलेसमेत आफ्नो घोषणापत्रमा (**बाँकी अन्तिम पेजमा**)

## एमाओवादी र नेकपा-माओवादीको अपवित्र गठवन्धन

काठमाडौँ । नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले एमाओवादी र नेकपा-माओवादीले तत्कालै स्थानीय चुनाव गर्न नहुने र १० वर्षे द्वन्द्वकालीन मुद्दामा आफ्ना कार्यकर्ताहरूलाई कारबाही गर्नु नहुने भनेर दुई पार्टीबीच भएको सहकार्यलाई उनीहरूको अपवित्र गठवन्धनको सज्ञा दिएका छन् । महामन्त्री सिंहले हालै एक विज्ञप्ती जारी गर्दै त्यस्तो आरोप लगाएका छन् ।

महामन्त्री सिंहले दुई माओवादीले सशस्त्र द्वन्द्वकालमा जतामाथि गरेको जघन्य अपराध र मानवअधिकार सम्बन्धी कारबाहीका विरूद्ध आफ्ना कार्यकर्ताहरूमाथि कुनै कारबाही हुन नदिन तथा स्थानीय चुनाव हुन नदिनु उनीहरूले ऐक्यवद्धता कायम गरेको प्रष्ट भएको भन्दै यस्तो प्रकारको उनीहरूको ऐक्यवद्धतालाई हाम्रो (**बाँकी अन्तिम पेजमा**)

## संसदमा बहिष्कार सुरु

काठमाडौं । चैत ४ गतको संसदमा एमाओवादीले बैठक बहिष्कार गरेर संसद अवरूद्ध गऱ्यो । विपक्षीहरू एक भएर पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोध गर्दा सरकार रक्षात्मक बन्न पुग्यो । सभामुख र राप्रपा नेपालका अध्यक्षबीच 'यन्त्र' विवाद चल्यो । भनाभन भयो ।



महिनामा १ सय ७० करोडको घाटा छ, विकासको रकम आयल निगमलाई अनुदान दिन सकिन्न भन्ने अर्थमन्त्रीको कथनलाई विपक्षले खारेज गरिदिए । मूल्यवृद्धिको कारण संविधान (**बाँकी अन्तिम पेजमा**)

## सम्भव होला दुई माओवादीको एकीकरण

काठमाडौँ । एमाओवादीका नेता एवम् पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले अहिलेकै अवस्थामा एमाओवादी र नेकपा-माओवादीबीच कुनै हालतमा पनि पार्टी एकीकरण हुन नसक्ने उद्घोष गरेका छन् । हरेक महिना आफ्नो निर्वाचन क्षेत्र गोरखा जाने प्रतिवद्धता अनुसार उनी हालै गोरखा पुगेका थिए । भट्टराईले गोरखा पुग्नासाथ पत्रकारहरूसँग कुराकानी गर्दै दुई पार्टीबीच गम्भीर र सैद्धान्तिक मतभेद रहेको हुनाले अहिले नै पार्टी एकीकरणको कुनै सम्भावना नरहेको प्रष्ट पार्दै अहिले चलेको पार्टी एकीकरणको हल्लामा नलाग्न आफ्ना कार्यकर्ताहरूलाई आग्रह गर्दै निराधार हल्ला नगर्न कार्यकर्ताहरूलाई समेत आग्रह गरेका थिए ।

नेता भट्टराईले पार्टी एकीकरण हुनै नसक्ने भन्ने होइन तर अहिलेकै अवस्थामा त्यो सम्भव भने छैन । हामीहरूबीच गम्भीर र सैद्धान्तिक मतभेद रहेको छ । तत्कालै पार्टी एकतामा पुगिएको होइन । वेपत्ता तथा मेलमिलाप आयोग जस्ता वृहत शान्ति सम्झौतामा उल्लेख भएका केही बुँदाहरू छन् ती पूरा गराउनको लागि मात्र नेकपा-माओवादीसँग सहमती गरेर अघि बढ्ने मात्र समझदारी भएको बताउँदै पार्टी एकीकरणका बारेमा नेकपा-माओवादी मात्र होइन अन्य केही साना दलहरूसँग पनि (**बाँकी अन्तिम पेजमा**)





पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# एमाओवादीमाथि फेरि आशंका

*पहिलो संविधानसभामा सबैभन्दा ठूलो दल भएको एमाओवादी विभाजित भएर नेकपा-माओवादी नामक पार्टी गठन भएपछि नेकपा-माओवादीले तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष एवम् तत्कालीन सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीले प्रधानन्यायाधीशबाट राजीनामा दिएको खण्डमा आफ्नो पार्टी नेकपा-माओवादीले संविधानसभाको दोस्रो निर्वाचनमा भाग लिने उद्घोष गरे पनि एमाओवादीले रेग्मीलाई प्रधानन्यायाधीशबाट राजीनामा गराउन पहल नगरेकै कारण नेकपा-माओवादीले संविधानसभाको चुनाव बहिष्कार गरेको थियो ।*

*संविधानसभाको दोस्रो निर्वाचनपछि एमाओवादी संसद्मा तेस्रो ठूलो दल मात्र भएपछि उसले आफ्नो चुनावी घोषणा-पत्रमा प्रतिवद्धता जनाएका विषयहरुबाट पछि हट्ने उद्घोष गर्न थालेको छ । एमाओवादीको चुनावी घोषणापत्रमा ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव सम्पन्न गर्ने र एकवर्षभित्रमा संविधान निर्माण गरिसक्ने प्रतिवद्धता जनाएको भए पनि अहिले त्यो प्रतिवद्धताबाट एमाओवादी पछि हट्दै नयाँ संविधान निर्माणपश्चात मात्र स्थानीय निकायको चुनाव हुनुपर्ने माग गरेको छ । आफ्नै पार्टीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीसँग २ बुँदे सहमति गरेर उसले संविधान निर्माण नभई स्थानीय निकायको चुनाव हुन नसक्ने भन्दै नेकपा-माओवादीलाई समेत त्यही मागमा सहमत गराउनु एमाओवादीको गैरराजनीतिकह चरित्र हो । नेकपा-माओवादीले संविधानसभाको चुनावमा भागै नलिएको हुनाले उसले स्थानीय निकायको चुनाव नयाँ संविधान निर्माणपछि मात्र हुनुपर्दछ भन्नु स्वाभाविक भए पनि एमाओवादीले चुनावमा भाग लिएर संविधानसभा/व्यवस्थापिका संसद्मा तेस्रो ठूलो दलमा खुम्चिन बाध्य भएपछि आफ्नै प्रतिवद्धताबाट पछि हट्न खोज्नु राजनीतिक बेइमानी र नेपाली जनतामाथिको घात हो ।*

*स्थानीय निकाय जनप्रतिनिधिविहीन हुँदा अरबौं अरबको घोटला भएको र स्थानीय निकायमा ठूला दल भनिएका काँग्रेस, एमाले र एमाओवादीले भागवण्डा गरेर कमिशन मात्र खाएको तर जनता सेवा लिनबाट बञ्चित भएको अवस्थामा स्थानीय निकायको चुनाव आवश्यक भएको छ । जनताले तिरेको करमाथि ब्रह्मलुट मच्चाउने अधिकार कसैलाई छैन । अहिले जनताले गाविसबाट एउटा सिफारिस लिन पनि हप्तौं कुर्नुपर्ने अवस्था रहेको छ । सरकारले कहिले राजनीतिक सहमतिको नाममा स्थानीय निकाय सञ्चालन गर्ने गरेको तर कहिले कर्मचारहिरुलाई स्थानीय निकाय जिम्मा लगाएर कार्य अघि बढाएको भए पनि यी दुवै प्रणालीबाट जनताले चाहे जस्तो सेवा लिन सकेका छैनन् । स्थानीय निकायमा निर्वाचित प्रतिनिधिहरु नहुँदा भ्रष्टाचारले जरा गाडेको र विकास निर्माणका कार्यहरुसमेत अवरुद्ध भएको हुनाले स्थानीय निकायको चुनाव अपरिहार्य भएको हो ।*

*नेकपा-माओवादी संविधानसभा बाहिर रहेको र उसले वर्तमान संविधानसभाबाट संविधान नै निर्माण हुन नसक्ने भन्दै संविधानसभा विघटनको माग गर्दै सर्वपक्षीय सम्मेलन वा यस्तै कुनै प्रक्रियाबाट संविधान निर्माणको टुंगो लगाउनु पर्ने माग गरिरहेको अवस्थामा चुनावमा भाग लिएर तेस्रो ठूलो दल भएको एमाओवादीले नयाँ संविधान निर्माण भएपछि मात्र स्थानीय निकायको चुनाव हुनुपर्दछ भन्ने मागले गर्दा संविधानसभामाथि नै एमाओवादीको प्रतिवद्धतामा प्रश्न उठ्न थालेको छ । संविधानसभाको माग तत्कालीन माओवादीकै हो । कांग्रेस, एमाले लगायत अन्य दलहरुले त माओवादीको मागमा पछि मात्र सहमत भएका हुन् । आफैंले माग गरेको संविधानसभामाथि एमाओवादीले प्रश्नचिन्ह लगाउनु भनेको आफैंले आफूलाई विश्वास नगर्नू बाहेक अन्य केही हुन सक्दैन ।*

*संविधानसभाबाटै संविधान निर्माण हुनुपर्दछ भन्ने माग एमाओवादीकै भएको हुनाले ऊ संविधानसभाको दोस्रो निर्वाचनमा गएको हो । आफ्नो पार्टीलाई जनताले मत दिएनन् भनेर त्यसको रिस पोख्न उसले चुनाव नै बहिष्कार गरेर संविधानसभा विघटनको माग गर्ने पार्टीसँग मिलेमतो गर्नुले संविधानसभालाई फेरि असफल पार्ने प्रयासमा कतै एमाओवादी पनि लागेको हो कि भन्ने आशंका जन्मिएको हुनाले त्यस विषयमा सुशील कोइराला नेतृत्वको सरकार र सत्ताधारी दलहरु सचेत हुँदै अघि बढ्नुपर्ने आवश्यकता हामीले महसुस गरेका छौं ।*

# साझा कार्यक्रम जनताका लागि निरासा

*देवेन्द्र चुडाल*

नेपाली काँग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वमा बनेको काँग्रेस एमालेको संयुक्त सरकारले सरकार गठन भएको ३८ दिनपछि सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेको छ । उक्त कार्यक्रममा एकवर्ष भित्रमा संविधान निर्माण गरिसक्ने प्रतिवद्धता जनाउँदै सरकारले संविधान निर्माण गर्ने प्राथमिकतासहितको न्यूनतम साझा कार्यक्रम,आचारसंहिता र सरकार संचालनको कार्यविधि समेत सार्वजनिक गरेको छ । कोइराला नेतृत्वको सरकारले अहिले सार्वजनिक गरेको साझा कार्यक्रमलाई आउँदो वर्षको बजेटमा समावेश गरेको खण्डमा उसले सार्वजनिक गरेका कार्यक्रमहरू केही हदसम्म लागू हुन सक्ने अवस्था भए पनि सरकारले साझा कार्यक्रम बनाउँदा सरकारलाई सहयोग गर्ने अन्य दलहरूको सहयोग र सल्लाहसमेत नलिएको हुनाले सुशील कोइरालालाई प्रधानमन्त्री बनाउँदा सहयोग गर्ने दलहरू सरकारसँग रूष्ट भएका छन् । कोइराला सरकारले मन्त्रिपरिषद्लाई पूर्णतासमेत दिन सकिरहेका छैन । अहिले पनि ५-६ वटा मन्त्रालय स्वयम् प्रधानमन्त्री कोइरालाले नै सम्हालिरहेको अवस्थामा सरकारलाई सहयोग गर्ने र अब सरकारमा सामेल हुने दलहरूले कांग्रेस एमालेकै साझा कार्यक्रमलाई स्वीकार गर्नुबाहेक अन्य विकल्प देखिएको छैन ।

संविधानसभाको दोस्रो निर्वाचनमा जनतासँग जाँदा प्रायः सबै दलहरूले एकवर्षभित्रमा संविधान निर्माण गरिसक्ने प्रतिवद्धता जनाएका र ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव गराउने प्रतिवद्धता जनाएका भए पनि अहिले एमाओवादी आफ्नो चुनावी घोषणापत्रबाट पछि हटेर नयाँ संविधान निर्माण नभएसम्म स्थानीय निकायको चुनाव गराउने पक्षमा नरहेको र उसले आफ्नै पार्टीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीसँग फागुन २९ गते सहमति गर्दै नयाँ संविधान निर्माण नभएसम्म स्थानीय निकायको निर्वाचन गराउन नहुने पक्षमा दुवै दलका अध्यक्षहरूले हस्ताक्षर गरेर दुई बुँदे सहमतिपत्र विज्ञप्तीमार्फत सार्वजनिक गरिसकेको अवस्थामा कोइराला सरकारले ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव गराउने आफ्नो प्रतिवद्धता पूरा गर्न सक्नु फलामको चिउरा चपाउनु सरह हुन सक्छ । नेकपा-माओवादीले संविधानसभाको चुनावै बहिष्कार गरेको र एमाओवादीले संविधानसभाको दोस्रो चुनावमा नराम्रोसँग पराजित हुँदै संविधानसभा/व्यवस्थापिका संसदमा तेस्रो ठूलो दलमात्र बनेको हुनाले अहिलेकै अवस्थामा एमाओवादी स्थानीय निकायको चुनावमा नजाने प्रायः निश्चित जस्तै देखिएको अवस्थामा सरकारले ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव गराउन सक्छ त भन्ने प्रश्न समेत उब्जिएको छ । कोइराला सरकार गठन भएपश्चात मूल्यवृद्धि भएको छ । वृद्धवृद्धादेखि बालबालिकाहरूलाई नभई नहुने दूधमा समेत ठूलो मात्रामा मूल्यवृद्धि गरिएको छ । पेट्रोलियम पदार्थमा नेपालको इतिहासमै सबैभन्दा बढी मूल्यवृद्धि गरिएको छ । पानीमा मूल्यवृद्धि भएको छ भने अब सरकारले बिजुलीको मूल्यवृद्धि गर्ने तयारी गरिरहेको अवस्थामा सरकारले सार्वजनिक गरेको न्यूनतम साझा कार्यक्रममा मूल्यवृद्धिलाई रोक्ने कुनै उपायहरू राखेको छैन । मूल्यवृद्धिले गर्दा सरकारका साझेदार दल र स्वयम् प्रधानमन्त्रीकै दलका नेता तथा कार्यकर्ताहरू संसद्देखि सडकसम्म विरोध जनाइरहँदा समेत सरकारले मूल्यवृद्धिलाई रोक्ने कुनै कार्यक्रमहरू नल्याउनु भनेको कोइराला सरकारको असफलताको उदाहरण हो ।

सुशील कोइराला प्रंधानमन्त्रीमा नियुक्त हुनासाथ बढ्दो मूल्यवृद्धिलाई रोक्दै नागरिकलाई राहत दिने घोषणा गरेका थिए । तर आफू प्रधानमन्त्री भएको दुई महिना नपुग्दै जनताको ढाड सेक्ने गरी मूल्यवृद्धि गरेर आफ्नै भनाइलाई झुठो साबित गरेका छन् । पेट्रोलियम पदार्थको मूल्यवृद्धि अहिले अन्तर्राष्ट्रिय बजारमा भएको छैन । डलरको मूल्य घट्दै गएको छ । ठीक त्यसको उल्टो नेपालमा भने पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरिनुले कोइराला सरकारसँग जनता निराश बनेका छन् । अहिले बाणिज्य तथा आपूर्ति मन्त्रीसमेत रहेका प्रधानमन्त्री कोइरालाले नेपाल आयल निगममा हुने भ्रष्टाचार, चुहावट र अनियमिततालाई मात्र रोक्न सक्ने हो भने पेट्रोलियम पदार्थको मूल्यवृद्धि गर्नु पर्ने आवश्यकता देखिँदैन । नेपाल आयल निगमलाई कुबेत भनेर चिनिन्छ । निगमलाई सुधार गर्न विभिन्न समयमा विभिन्न प्रकारका आयोगहरू बनेका छन् । पछिल्लो संविधानसभा/व्यवस्थापिका संसद्ले नै हालका पर्यटन तथा संस्कृति मन्त्री भीमप्रसाद आचार्यको संयोजकत्वमा संसद्बाटै समिति बनाएको थियो । उक्त समितिले निकै मेहनतसाथ तयार पारेको प्रतिवेदन अहिले बाणिज्य तथा आपूर्ति मन्त्रालयको दराजमा थन्किएको छ । आचार्य समितिले बनाएको प्रतिवेदनलाई सरकारले कार्यान्वयन गरेको खण्डमा पहिलाकोभन्दा अहिले पेट्रोलियम पदार्थको मूल्य घट्न सक्ने सम्भावना हुँदाहुँदै कुनै पनि तयारी र विभिन्न समितिहरूले दिएका प्रतिवेदनहरूको अध्ययन नै नगरी एक्कासी मूल्यवृद्धि गरिनुले कोइराला सरकारप्रति उहाँकै पार्टी लगायतका सत्ताधारी दलहरू र नेपाली जनतासमेत आक्रोसित बन्दै गएका छन् । सत्तामा नपुगुन्जेल यसो गर्छु उसो गर्छु भन्ने कोइरालाले किन कुनै अध्ययन बिना नै पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरे ? त्यसको जवाफ नेपाली जनताले पाउनै पर्दछ । सरकारले आयल निगमको सम्बन्धमा विभिन्न समयमा गठन गरेका समिति/ आयोगहरूका सबै प्रतिवेदनहरू जनताको जानकारीका लागि अविलम्ब सार्वजनिक गर्नै पर्दछ । समिति र आयोगहरूले नेपाल आयल निगमलाई सुधार गर्न कस्ता कस्ता राय सल्लाह दिएका रहेछन् त्यो जान्ने र बुझ्ने अधिकार जनतालाई छ ।

संविधानसभाको दोस्रो निर्वाचनपछि संविधानसभा/व्यवस्थापिका संसद्मा पुगेका सबै दलहरूले आफ्नो चुनावी घोषणापत्रमा अब आइन्दा कहिल्यै बन्द हड्ताल नगर्ने प्रतिवद्धता जनाएका थिए । अहिलेका प्रांयः सबै ठूला दलका शीर्ष नेताहरूले सार्वजनिक कार्यक्रममै बन्द हड्ताल नगर्ने पक्षमा हस्ताक्षर समेत गरेका थिए । तर अहिले तिनै ठूला दल र सत्तामा रहेकै दलका भातृ संगठनहरूले बन्द हड्ताल गरेर आफ्नो माऊ पार्टीको नीति निर्देशन भन्दा बाहिर गएर अनाहकमा जनतालाई दुःख दिनु भनेको राजनीतिक दलहरूको जनताप्रतिको बेइमानी र हेपाहा प्रवृत्ति नै हो । संविधानसभाको चुनाव बहिष्कार गरेको नेकपा-माओवादीसहितका ३३ दललाई बाहेक अन्य दलहरूलाई बन्द हड्ताल गर्नु नै थियो भने किन उनीहरूले आ-आफ्नो चुनावी घोषणापत्रमा बन्द हड्ताल नगर्ने प्रतिवद्धता जनाए, त्यसको उत्तर जनताले पाउने कि नपाउने त्यसको जवाफ कोइराला सरकार र सत्तामा रहेका दलहरूले जनतालाई दिनै पर्दछ । जनतालाई ढाँट्ने र गुमराहमा राख्ने अधिकार नेपालको अन्तरिम संविधानले कसैलाई दिएको छैन । नेकपा-माओवादीसहितका अन्य ३३ दलले संविधानसभाको चुनाव बहिष्कार गरेर उनीहरू अहिलेको संविधानसभा/ व्यवस्थापिका संसद्भन्दा बाहिर रहेका हुनाले उनीहरूको विरोधलाई सहर्ष स्वीकार गर्नै पर्दछ । नेकपा-माओवादीले अहिलेको संविधानसभा/ व्यवस्थापिका संसदले संविधान नै निर्माण गर्न नसक्ने भन्दै उसले उच्चस्तरीय राजनीतिक सम्मेलन गरेर त्यहीँबाट संविधान निर्माणको बाटो खोल्नुपर्ने बताइरहेको अवस्थामा संविधानसभामा तेस्रो ठूलो दल रहेको एमाओवादीले नेकपा-माओवादीसँग मिलेर स्थानीय निकायको चुनाव नयाँ संविधान निर्माण नभएसम्म गराउन नहुने पक्षमा विज्ञप्ती नै जारी गर्नु भनेको एमाओवादीको राजनीतिक बेइमानी र जनताप्रतिको अविश्वास बाहेक अन्य केही हुनै सक्दैन । यदि एमाओवादीलाई समेत अहिलेको संविधानसभाले संविधान निर्माण गर्न सक्दैन भन्ने लागेको भए उसले संविधानसभाबाट बाहिर आउनु पर्दछ । संविधानसभामा बसेर सबै सुविधा पनि लिने अनि संविधानसभाको चुनावलाई नै बहिष्कार गरेर संविधान निर्माणमा सहभागी नभएको दलसँग सहमति गर्नु भनेको एमाओवादीको गैरजिम्मेवारीपनको राम्रो नमूना नै हो ।

कोइराला सरकारले जारी गरेको न्यूनतम साझा कार्यक्रममा पाँचवटा शिर्षकमा कुल एक सय ४५ वटा बुँदामा समेटिएको कार्यक्रममा राजनीतिक दलहरूसँग आवश्यक परामर्श गरी यथाशीघ्र स्थानीय निकायको निर्वाचनको मिति घोषणा गर्ने उल्लेख गरिए पनि सरकारले संसद्मा प्रमुख प्रतिपक्षी र अन्य प्रतिपक्षी दलहरूसँग कुनै परामर्श नै नगरी दुई दलले मात्र सहमति गरेर आफ्नो नीति तथा कार्यक्रम घोषणा गरेको हुनाले स्थानीय निकायको निर्वाचन ६ महिनाभित्रमा गराउने सरकारको प्रतिवद्धता केवल देखाउनका लागि मात्र हुनसक्छ । सरकारले घोषणा गरेको साझा कार्यक्रममा शान्ति प्रक्रियाका बाँकी रहेका काम सहमतीय आधारमा सम्पन्न गर्ने र संक्रमणकालीन न्याय र सुनिश्चित गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग र देवता सम्बन्धी आयोगका लागि कानुन निर्माण गर्ने कामलाई प्राथमिकतामा राख्ने उल्लेख गरे पनि केही महिना अघि सर्वोच्च अदालतले सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता सम्बन्धी आयोगका लागि कानुन निर्माण गर्ने कामलाई प्रथामिकतामा राख्ने उल्लेख गरे पनि केही महिना अघि सर्वोच्च अदालतले सत्य निरूपण तथा मेलमिलाप आयोगलाई एउटै नबनाउन सरकारका नाममा परमआदेश जारी गरेकोमा त्यस सम्बन्धी सरकारले एक शब्दसम्म आफ्नो नीति तथा कार्यक्रममा नबोल्नु भनेको कोइराला सरकार पनि विधि, ऐन, कानुन अनुसार संचालन हुन नसक्नु नै हो । सर्वोच्च अदालतले आदेशहरू सरकारको लागि बाध्यात्मक हुन्छ ती कानुन सरह हुने भए पनि आजसम्मका सरकारहरूले सर्वोच्चको आदेशलाई स्वीकार गर्न सकेका छैनन् । सर्वोच्च अदालतले सर्वस्वसहित जन्मकैदको फैसला गरेका व्यक्तिहरू खुल्लमखुल्ला रूपमा हिँडिरहेका छन् । त्यस्तो अवस्थामा कोइराला सरकारले संविधान, ऐन, कानुनको पालना गराउने प्रतिवद्धता जनाउनु आफैँमा हास्यास्पद बाहेक अन्य केही हुन सक्दैन ।

संवैधानिक अंगहरूमा यथाशीघ्र पदपूर्ति गर्ने लोकतान्त्रिक सुदृढिकरण तथा आधारभूत राष्ट्रिय हितका पक्षमा सहमति जुटाउन संविधानभित्र र बाहिर दलहरूसँग निरन्तर संवाद गरी संविधान निर्माणमा सहमति जुटाउने कार्यलाई पहिलो प्राथमिकतामा राखे पनि सत्ताधारी दलभित्रै खिलराज रेग्मी नेतृत्वको सरकारले नियुक्त गरेका संवैधानिक आयोगका प्रमुख र अन्य पदाधिकारीहरूका बारेमा के गर्ने भन्ने विषयमा सहमति हुन नसकेको अवस्थामा यथाशीघ्र पदपूर्ति गरिने छ भनेर उल्लेख गर्नु अर्को हास्यास्पद कार्य हो । सत्ताधारी दल नेकपा एमालेको केन्द्रीय कमिटी नै रेग्मी सरकारले नियुक्त गरेका संवैधानिक निकायका प्रमुख र सदस्यहरूका बारेमा सार्वजनिक सुनुवाई हुनुपर्ने निर्णय गरिसकेको विषयमा के गर्ने भन्ने निर्णयमा सरकारले निर्णय गर्न नसकेको अवस्थामा संवैधानिक निकायमा पदपूर्ति गर्ने भन्ने उल्लेख गर्नुको कुनै औचित्य रहँदैन । समग्रमा भन्नुपर्दा सरकारको साझा नीति तथा कार्यक्रम जनताका लागि कुनै उत्साहजनक देखिएन । त्यसैले भन्न सकिन्छ, - नयाँ बोतलमा पुरानो रक्सी जस्तै सरकारको साझा न्यूनतम कार्यक्रमलाई । कतिपय बुँदाहरूमा हुनै नसक्ने कुराहरू उल्लेख गरिनुले नीतिगत रूपमा पहिला पहिलाका सरकारहरूले ल्याउने नीति तथा कार्यक्रमकै परम्परालाई सरकारले निरन्तरता दिएको जस्तो मात्र छ ।

*devendrachudal@gmail.com*

# बुद्ध, बेद र डोरबहादुर विष्टको गाडधन



राजन कार्की

'के पढ्छन् नेपालमा विदेशी ?' यो गम्भीर शैक्षिक प्रश्न हो । केयूका रजिष्ट्रार भोला थापाका अनुसार पूर्वीय दर्शन र बुद्धसम्बन्धी अध्ययनका लागि नेपाल राम्रो गन्तव्य हुनसक्छ । काठमाडौं युनिभर्सिटी, त्रिभुवन विश्वविद्यालयमा सार्क देशहरू र अमेरिका, जर्मनी, जाम्बिया, क्यानडा, नेदरलेण्ड, अष्ट्रेलिया, जापान लगायतका ३७ मुलुकका विद्यार्थी विभिन्न विषयमा अध्ययनरत छन् । यो उत्साहजनक सूचना हो किनभने नेपाली विद्यार्थीहरू भविष्य खोज्न अमेरिका, क्यानडा, जापान, अष्ट्रेलिया, युकेतिर दौडादौड गरिरहेका छन् । भारतमा स्थापित सार्क विश्वविद्यालय र भारतीय शिक्षण संस्थाहरूमा कति युवा शिक्षा आर्जन गरिरहेका छन्, कुनै लेखाजोखा नै छैन । नेपालमै विद्यमान यति उज्यालो सम्भाव्यतालाई नकारेर शिक्षामा माफियाकरण र राजनीतिकरण भइरहेछ । विदेश आकर्षण बनेको छ, स्वदेश छायाँमा परेको छ । शिक्षाविदहरू नेपाललाई शैक्षिक हब, अन्तर्राष्ट्रिय शैक्षिक सेन्टर बनाउन सकिन्छ भन्नेतिर केन्द्रीत हुनसकेको देखिदैन । दश वर्ष पहिले निर्माण गरेको धुलिखेलको आइटी पार्क आजसम्म सञ्चालन गर्न सकेनौं । हामी कहाँ छौं ? हाम्रो लोकतान्त्रिक सरकार के गर्दै छ ?

जापानकी तनरी विद्याविद्यालयका प्राध्यापक नारिता संस्कृत विश्वविद्यालयबाट आचार्य पास गरेर विद्यावारिधि गर्दैछिन् । उनको विद्यावारिधिको विषय छ :'नेपालको प्राचीन र मध्यकालका धार्मिक समन्वय' । उनको शोध शिक्षक छन्- इतिहासविद दिनेशराज पन्त । जापानी महिला कायोरी नाकाता नेपाली पढ्दैछिन् र उनी भन्छिन्- नेपालीमा पढ्न रमाइलो लागिरहेको छ । निकै प्राचीन र गहिरो अध्ययनको विषय छ नेपाल । नेपाली भाषा र नेपाली समाजमा विद्यमान रमाइलो आकर्षण विश्वव्यापी गर्न हामी चुकिरहेका छौं । गज्जवको समाचार के पनि छ भने इसिमोडको सहयोगमा केयुमा 'ग्लासियोलोजी' ( हिमनदी-जलवायु परिवर्तनका कारण र मानव जीवनमा पर्ने असर) विषय पढाइने रहेछ । यो तथ्य कतिलाई थाहा छ ? नेपाल शिक्षाका लागि कति उर्वरभूमि हो भन्ने सानो दृष्टान्त मात्र हो यो ।

अर्थात् पूर्वीय दर्शन-संस्कृति, बुद्ध-बेद, हिमाल-पानी, जलस्रोत-जडिबुटी, प्रकृति-विविधतामा नेपालजत्तिको धनी मुलुक विश्वमा कुनै छैन । इतिहास साक्षी छ- बेदका रचयिता बेदव्यास केन्द्र तनहुँ, व्याकरण रचयिता पाणिनी केन्द्र अर्घाखाँची हो । यी दुबै महागुरू नेपाली थिए । यसै सन्दर्भमा जर्मनका विद्वान अनुसन्धाता म्याक्स मुलरले लेखेका छन्- हिन्दूहरूको षडदर्शन
(महर्षि कपिलको सांख्य दर्शन, ऋषि पतन्जलीको योगदर्शन, महर्षि जैमिनीको पूर्व मिमांसा, महर्षि व्यासको बेदान्त, महर्षि कर्णादको वैशेषिक दर्शन र महर्षि गौतमको न्याय दर्शन) लाई सबैभन्दा पुरानो र आधुनिक युगको उत्तम दर्शन मानिन्छ । यी सबै दर्शनको उत्पत्तिक्षेत्र हिमवतखण्डमा पर्ने हाम्रै नेपाल हो । यही यथार्थ बुझेर एटमबमका निर्माता अमेरिकी वैज्ञानिक जुलियस आर आपेन हेमरले उहिल्यै भनेका थिए- आधुनिक विज्ञानमा हामीले जेजे उपलब्धि हासिल गर्छौं, ती सबै हिन्दुहरूको प्राचीन दर्शन 'वेद' हो, बेदको आधारमा हो । भारतका पूर्वराष्ट्रपति तथा वैज्ञानिक एपीजे अब्दुल कलामले (ižnब्लतभम ज्ञlमक') मा वैज्ञानिक अल्बर्ट आइन्साटाइनको भनाई उधृत गरेका छन्- 'हामी वैदिक दर्शन वेद र हिन्दुहरूका प्रति अत्यन्त आभारी छौं किनभने उनीहरू हामीलाई गणित विद्या दिँदैनथे भने विश्वमा कुनै आविस्कार कदापि सम्भव नै थिएन ।' (मुस्लिम अब्दुल कलाम आज पनि प्रत्येक विहान हरे राम हरे कृष्णको भजन गाउँछन् । अनि कुरान पढ्छन् ।) यही तथ्यमा टेकेर सन २०११ मा चीनका तत्कालीन राष्ट्रपति हु जिन्ताओले १९७७ देखि देङ सियाओ पिङको आर्थिक खुलानीतिबाट भित्रिएको बिकृति न्यूनिकरण गर्न चिनियाँ कम्युनिष्ट पार्टीको नीति नै पारित गराएर 'चीनको संस्कृतिमा चीनकै पकड' नीति लागू गराएका थिए ।

टेलिग्राफका सम्पादक नरेन्द्रप्रसाद उपाध्यायको अध्ययन र अनुभवका अनुसार- महाज्ञाता बेदव्यासलाई ब्रम्हजीबाट आदेश भयो र उनले भगवान गणेशलाई महाभारत लिपिबद्ध गरिदिन अनुरोध गरे । नकार्न नसकेका गणेशले तपाईले भन्दा र मैले लेख्ने क्रममा लामो समय कुर्न सक्दिन भन्ने सर्त राखेर लेख्न स्वीकार गरे । त्यसपछि बेदव्यासले पनि सर्त राखे कि भावार्थ नबुझेसम्म श्लोक लेख्ने छैनौं । दुबैमा सहमति भयो र यही सहमतिको निष्कर्ष हो- श्रीकृष्णसहितको परमार्थकथा महाभारत । संस्कृत भाषामा अहिलेसम्मकै ठूलो १८ हजार श्लोक रहेको महाभारत ग्रन्थ अपूर्व ग्रन्थ मानिन्छ । महाभारतका रचयिता तिनै बेदव्यास नेपालको लमजुङमा जन्मेका हुन् । लमजुङको मर्स्याङ्दी ( शायद) नदी किनारमा माझी परिवारमा मत्स्यगन्धा बस्थिन् । जो पछि पाण्डवहरूका हजुरआमा भइन् । राजा परासर त्यही बाटो जाँदा नदी तार्ने काम तिनै मत्स्यगन्धाले गरिन् । नदी तर्ने क्रममा नाउमा परासर ऋषि ती माझी महिलामा आशक्त भए । उनमा कामवासना जागृत भयो । मत्स्यगन्धाले मना दुर्गन्ध छ, विवाह गर्छौ र ? भन्ने प्रश्न गर्दा परासरले एकयोजनसम्म सुवासित हुनेगरी उनलाई योजनगन्धा बनाइदिए । त्यसपछि योजनगन्धाले भनिन्- रातमा गर्ने कार्य दिउँसै गर्नु पाप हो । ऋषिले त्यसको फिक्री नलेउ भनेर नदीलाई हुस्सु, कुहिरोले ढाकिदिए । त्यसपछि दुबैवीच समागम भयो । नदी तरेपछि योजनगन्धाले भनिन्- म गर्भिणी भइसकें, अब के गर्ने ? परासर ऋषिले भने- चिन्ता नगर, तिम्रो गर्भ देखिनेछैन, छोरा हुनेछ । छोरा जन्मिएपछि यही नदीको किनारमा छाडेर जानु, म लिन आउनेछु र उसलाई सर्बज्ञान सम्पन्न गराउने कार्य मै गरूँला । नभन्दै ९ महिनापछि योजनगन्धाले छोरो पाइन् र त्यही नदी किनारमा ल्याएर छाडिन् । ऋषिले त्यो बालकलाई लिएर गए र केही दिनमै सर्वज्ञान दिए । ज्ञानी बनाइदिए । विश्वास गरिन्छ, तिनै व्यक्ति थिए- व्यास । योजन गन्धा पछि जो सत्यवतीका नामले परिचित भइन् । यी तिनै सत्यवती थिइन्, जो नेपाली हुन् जसले हस्तिनापुरका राजा सन्तनुसँग विवाह गर्न पुगिन् । महाभारतमा वर्णित यी र यस्ता चित्ताकर्षक विषयहरू ज्यादै रोचक प्रसङ्गहरू हुन् । पश्चिमा सँष्कृतमा जन्मेहुर्केका लागि त चमत्कारिक र चित्ताकर्षक विषय बनेका देखिन्छन् ।) अमेरिकी महिला जेस्सिका भ्यान्टिन बर्केनहोल्जले सन २०१० मा स्वस्थानी कथामा विद्यावारिधि गरेकी छिन् । जेस्सिकाका अनुसार उनले लेन बेनेटको पुस्तक 'डेन्जर्स वाइत्स् सेक्रेड सिस्टर्स'मा स्वस्थानीको केही अंश पढेपछि त्यो विषयलाई विद्यावारिधिको विषय बनाएको बताएकी छिन् । उनलाई नेपाली इतिहासविद काशीनाथ तमोटले सघाएका थिए । महाभारतको उचित प्रचार भयो भने यो ग्रन्थ ठूला ठूला विश्वविद्यालयमा शोधको विषय हुनसक्छ ।

चन्द्रगुप्त मौर्य अर्थात मुरापुत्र पनि नेपालकै थिए भन्ने इतिहासविदहरू दावी गरिरहेका छन् । टेलिग्राफका सम्पादक नरेन्द्र उपाध्यायको अध्ययनअनुसार आर्यावृतमा आर्यन बस्थे, यो ठूलो भूभाग हो । उनीहरू एसियामा बसाई सरे । ऋषि परसुराम ब्राम्हण महर्षि जमदग्निका पुत्र थिए । असुन्धानबाट उनी आजको अजरबैजानमा जन्मेको बताइन्छ । टक्सिला आजको कान्धहार-अफगानिस्तानमा पर्छ । बुद्धकालीन कालमा टक्सिला, इण्डस नदीको भूभागसहित पाकिस्तानको भूभाग थियो। कनिष्क, सम्राट अशोकले आफ्नो धर्म परिवर्तन गरेर बुद्धधर्म अँगालेर त्यही समयदेखि बुद्धधर्मको ठूलो प्रचार भएको यो क्षेत्रमा बौद्धगन्धार पनि पर्छ । तत्कालीन अवस्थामा आचार्य बिष्णुगुप्त गुरू थिए, पछि उनी चाणक्यका नामले प्रशिद्ध बने । आज पनि चाणक्यनीति राजकाजमा 'राजनीतिक विज्ञानका नामले' चर्चित छ । त्यतिबेलाको मगध, आजको बिहारमा पर्छ । मगध सम्राट घनानन्दले गरेको आफ्नो अपमानको बदला लिन चाणक्यले चन्द्रगुप्त (मुरापुत्र)लाई मगधका राजा बनाएका थिए र आफू जंगलमा कुटी बनाएर राजकाजका सहायक बनेको प्रसङ्ग छ । यही सन्दर्भमा भारतीय विद्वान हरिनारायण आप्टेले 'चाणक्य एण्ड चन्द्रगुप्त' पुस्तकमा लेखेका छन्- चन्द्रगुप्त नेपाली किराँती महिला मुरादेवीको छोरा थिए । लेखकका अनुसार किराँतहरू त्यतिबेलादेखि नै नेपालका पहाडी इलाकामा (धनकुटा, तेह्रथुम, इलाम, भोजपुर, ओखलढुंगा आदि क्षेत्रमा) बसोबास गरिरहेका छन् । धार्मिक ग्रन्थका अनुसार भगवान शिवलाई आज हामी किराँतेश्वर महादेव पनि भन्छौं र यिनै महादेवले महाभारतका पाण्डुपुत्र अर्जुनलाई बरदान दिएका थिए । यिनै अर्जुनलाई भगवान शिवले गुरू परशुराममार्फत पाशुपास्त्र समेत प्रदान गरेका थिए । यी पूर्वीय दर्शनका अविश्मरणीय वर्णनहरू विश्वजगतका ज्ञानको खोजकर्ताहरूका लागि कति आकर्षणका विषय हुनसक्छन्, भनिसाध्य छैन ।

बुद्ध शान्ति : मानव जीवनशैली सामरिककरण, धार्मिक प्रतिद्वन्द्विता हुँदै सभ्यताको चरमोत्कर्षमा पुगेको वर्तमान समयमा शान्ति साझा र अपरिहार्य आवश्यकता बन्न पुगेको छ । बुद्ध धर्मावलम्बी देशहरू ८ (भुटान, बर्मा, कम्बोडिया, चीन, चाइवान, श्रीलंका, थाइल्याण्ड र जापान) मात्र छन् तर बुद्ध, बुद्धत्व, परिनिर्माण र शान्तिको खोजमा विश्व नै छटपटाइरहेको कालखण्ड हो यो । बुद्ध नेपालमा जन्मे, नेपाल हिन्दूराष्ट्र (२०६३ साल जेठ ४ गते राजनीतिक सहमतिमा धर्मनिरपेक्षता घोषणा गरिएको) कसरी कायम भयो र १२६ जाति तथा अनेक धर्मावलम्बीहरू कसरी प्रत्येक कालखण्डमा कसरी सद्भावपूर्ण रूपमा बसे होलान् ? विश्वकै लागि नेपाल आकर्षक मुलुक हुनुको अर्को कारण यो पनि हो । नेपालमा जन्मेका बुद्ध आज विश्व आकर्षणको केन्द्रमा छन् । जापानले लुम्बिनीलाई जोड्दै बौद्धतीर्थहरू सारनाथ ( धर्मचक्रवर्तन), राजगृह, नालन्दा (बौद्ध शिक्षालय), बुद्धगया (बोधीज्ञान), कुसीनगर (महापरिनिर्माण) जोड्ने बुद्ध करिडोर निर्माणको प्रस्ताव गरेको छ । भर्खर म्यानमारमा सम्पन्न बिमिस्टेकको बैठकमा प्रधानमन्त्री सुशील कोइरालाले बुद्ध सर्किटको प्रस्ताव नै गरे । चिनियाँ ३ अरव लगानीको एपेक एफको लुम्बिनी विकास आयोजनाको प्रमुख हुन लालायित बन्ने प्रचण्ड अथवा नेपाल सरकार यसबारेमा लामो रहस्यमय मौनतामा छन् । २ वर्षअघि दिल्लीमा बैठक बसेपछि एपेकको चर्चा पनि सेलाएको छ । बौद्ध विश्व विद्यालय स्थापना भएको छ, बौद्धमार्गी संघसंस्थाहरू पनि छन्, ती सबै बुद्धलाई मगन्ते भाँडो बनाइरहेका छन् । बोधिबृक्ष काटेर पिर्का बनाउँदै बेच्नेहरू बुद्धका अनुयायीका रूपमा विश्वभ्रमण गरिरहेका छन् । यद्यपि समयक्रममा प्रत्येक नेपालीको बुद्धी बंगारो पलाउने छ र एउटै बुद्धको नामले पनि नेपालको अलौकिक पर्यटन प्रवर्द्धन गर्न सक्ने क्षमता विकास हुनेछ । यद्यपि नेपालमा प्रकृतिको बरदानका अनेक चमत्करहरू छन्, जसलाई हेर्न, पढ्न, बुझ्न विश्व लालायित आकर्षणको चरमोत्कर्षमा छ । हामीले सुरक्षाको प्रत्याभूति दिन नसक्दा हामी आफै शान्ति फुलाउन र विकासको मूल फुटाउनबाट पछाडि परिरहेका छौं । हामी आफैसँग भएको कल्पवृक्षका हाँगाहरू छिमलेर बिषबृक्ष रोपिरहेका छौं । हामीभन्दा अभागी विश्वमा अरू को होला ? एउटी भृकुटी तिब्बत पुगिन् (सोनगनसान-श्रङचङगम्पोसंग विवाह गरेर बुद्धधर्म प्रचारक बनिन्) र हरितितारा बनेर चम्किइन् । हामी सीमापारि नक्कली लुम्बिनी बनाइरहँदा र अमेरिका निवासी भारतीय लेखक फरिद जकारियाले बुद्ध भारतमा जन्मेका हुन् भन्दा पनि त्यसको संगठित प्रतिकार गर्न सकिरहेका छैनौं । १९७५ मा सिक्किम भारतमा मिलाएको एक प्रसङ्गमा भारतीय नेता मोरारजी देसाईले भनेका थिए- नेपाल बौद्धिकहरूको बन्दकीमा परेको मुलुक हो । त्यो पाठ सिकेको भए नेपाल सम्पन्न विश्वआकर्षण बनिसकेको हुनेथियो । बौद्धिकहरूको स्थिति २०१४ मा आइपुग्दा पनि उही दलीय कित्ताबाट माथि उठ्न सकेको देखिदैन ।

हामी आफ्नै नाइटाको कस्तुरीको बासना खोज्न विश्वभरि भौंतारिइरहेका छौं । जर्मनले पाटनको कृष्ण मन्दिरको जिर्णोद्धार गरिदियो । उसको अभिष्ट थियो- कृष्ण मन्दिरको जगमा कुन संस्कृतिको रहस्य छ भनेर अध्ययन गर्नु । त्यही जर्मनका एक अनुसन्धाता नेपाल आएका छन् र उनी आठ भैरव र चार गणेश, चार नारायण, चार योगिनीले रक्षा गरेको नेपाल भनेको के हो ? किन मन्दिरका टुँडालमा यौनाकृति कुँदिएका हुन् ? किन पत्थरका गणेशले दूध पिउँछन्, किन भीमसेनलाई पसिना आउँछ ? भन्नेसम्मको अध्ययन गरिरहेका छन् । हामी लोकतन्त्रको शव्दलाई मन्त्रोचारण गरिरहेका छौं, हाम्रा बिधिव्यवहार अलोकतान्त्रिक बन्दै गएका छन् । हामीलाई हाम्रै देशको उन्नतिका बारेमा कुनै चिन्ता देखिन्न । रगतको पिचकारी छोड्छ छेपारो । पल पलमा रङ बदल्न सक्ने छेपारोजस्तै छ हाम्रा राजनीतिक नेता र तिनको राजनीति । यस्तो राजनीतिभित्रको यो चिन्ताहीनता सुगरकोटेड पोटासियम साइनाइडभन्दा कम छ र ? क्षमा वीरस्य भूषणम् भनिन्छ तर परिवर्तनकारी वीरहरू अपराध गरिरहेका छन् र सार्वभौमिक जनता तिनलाई सीमाहीन रूपमा क्षमा गरिरहेछन् । शायद काशी, काश्मिर, अजब नेपाल भनेको यही हो । त्यसैले पूर्वीय दर्शनको जिवन्तता बोकेर पनि नेपाल दिनदिनै अनेक घटनाक्रमबाट निर्जिब बन्दै जाँदोछ । परिवर्तनले देशलाई उचाल्नुपर्छ, उज्यालो पार्नुपर्छ । देशलाई जिवन्त पार्न नसक्ने नीतिकारहरू पृथ्वीराज चौहानविरूद्धका जयचन्दका अवतारका रूपमा दुर्गन्ध बनिरहेका छन् । यति लेख्दा लेख्दै इतिहासकार डोरबहादुर बिष्टलाई सम्झनु जरूरी छ किनभने उनले २०५१ सालमा जुम्लाको चौधविसमा 'खोज चिन्तन' गाडेर लुप्त भएका छन् । १ सय २० वर्षपछिमात्र खोलेर हेर्नु भन्ने आदेश भएको त्यो गाडधनमा उनले कुन कुन रहस्य उजागर गरेका होलान् ? हामी नबाँचौंला, शालिक तोड्ने-इतिहास भत्काउनेहरूको कूदृष्टि परेन भने र नेपाल रहिरह्यो भने भावी सन्ततिका लागि त्यो 'बिष्ट खोज चिन्तन' गौरवको विषय हुनसक्छ ।

निष्कर्षमा यतिमात्र भनौं, नेपाल शैक्षिक जगतका लागि सुन्दर, शान्त, आकर्षक र अलौकिक केन्द्र बन्न सक्छ । हामीले नेपाललाई राजनीतिक अराजकतामुक्त राख्न सक्यौं र शिक्षार्थीका लागि निशुल्क आगमन र बसाइँको सुविधा दिन सक्यौं भने नेपाल विश्व शिक्षाकेन्द्र बन्नसक्छ । नेपालका शिक्षाविदहरूले यसतिरको पहल किन नगर्ने ? लोकतान्त्रिक शक्तिहरू नेपाललाई शान्त र शिक्षाकेन्द्र बनाउन किन नजुट्ने ?

## बुटवल कृषि थोक बजार नेतृत्वविहीन

मुलुककै नमुनाका रूपमा ७ करोड लगानीमा स्थापना गरिएको बुटवल कृषि उपज तथा थोक बजार समिति सञ्चालकविहीन भएको छ । पुसदेखि सञ्चालक समितिविहीन भएपछि केन्द्र अलपत्र अवस्थामा पुगेको छ ।

पिपिपी मोडेलमा आधारित कृषि उपजमा सरकारी तथा निजी क्षेत्रको गरी करोडौं लगानी गरिएको छ । किसान तथा कृषिजन्य सामग्री बिक्रीवितरणका लागि नमुना मानिएको कृषि उपज सरोकारवाला निकायको बेवास्ताका कारण नेतृत्वविहीन अवस्थामा पुगेको हो । कृषि उपज निर्देशिकाअनुसार सञ्चालक समिति गठन गर्नुपर्नेमा संस्थाकै पदाधिकारीबीचको आपसी स्वार्थअनुरूप काम नहुँदा अलपत्र देखिएको छ ।

थोक बजार नेतृत्वविहीन भएपछि समितिका कर्मचारीले चार महिनादेखि तलब नपाएको सञ्चालक समितिका निवर्तमान अध्यक्ष कलाधर पन्थीले बताए । उनका अनुसार केन्द्र ६ करोड ८४ लाख रुपैयाँ लगानीमा निर्माण गरिएको थियो छ ।

पुस १८ मा कार्यकाल सकिएपछि समिति विघटन गरी २२ मा अधिवेशन गरेको बताउँदै पन्थीले अधिवेशनबाट प्रतिनिधि छनोट भए पनि बुटवल नगरपालिकाले प्रतिनिधि नखटाउँदा समस्या देखिएको दाबी गरे ।

समितिमा तीन किसान, तीन व्यापारी, एकजना कृषि कार्यालयका प्रतिनिधि, एकजना व्यवस्थापक र एकजना बुटवल नगरपालिकाका प्रतिनिधि रहने व्यवस्था छ ।

# Long shadow of terror

**Arif Azad**

TERRORISM no longer causes sustained outrage in Pakistan. This is reflected in our resigned acceptance of the now off, now on negotiations with the perpetrators of atrocities. People have become used to bombs going off, their compatriots being maimed and killed. Even those killed acquire only statistical reality rather than flesh and blood empathy. The well-heeled live unconcerned, and this indifference becomes even more shocking when it is extended to the plight of children caught up in a life of daily terror.

Our children are at the heart of this war in ways not normally analysed or empathised with. Malala Yousafzai and Aitizaz Hasan furnish two different examples. Malala's biography shows how children are not only being denied access to education in militancy-infested regions but also pay the cost of pursuing that right to education. Luckily, she survived to tell her story.

Yet some of the more ideologically driven have not forgiven her for highlighting the ignored plight of young people. This was obvious from the reaction of many to her book. It is a sad commentary on our sense of proportion and propriety when a young survivor of terror is made a battleground for ideological sabre-rattling. Aitizaz Hasan furnishes another example. By confronting a bomber, the 15-year-old sacrificed his life to protect the lives of other children attending his school. In doing so, he showed that children have no option but to take matters into their own hands as a last, desperate measure when the state has failed to protect them. Aitizaz presents an extreme example of the desperation of children in face of the reality of terrorism in Pakistan.

Both Malala and Aitizaz show what an excruciating ordeal children in Pakistan must be going through. Both signify how children are being affected in terms of access to education and the physical dangers involved in exercising the right to live a normal life. In addition, there are the psychological effects of terrorism, which is demonstrated in feelings of trauma, anxiety and horror.

One study conducted in the aftermath of the Oklahoma bombing showed that 50pc of schoolchildren suffered from post-traumatic stress disorder which consisted of a complex web of symptoms including helplessness, fear, anxiety and horror. This study demonstrated how even one traumatic event can adversely affect schoolchildren.

Just imagine how deep and long-lasting the psychological effects on Pakistani children would be when terrorism has become a daily part of our lives. The accumulated damage to children must be high given the daily exposure to stress triggered by atrocities occurring on our streets and being covered in a sensational manner by the ratings-driven media.

One friend recently told me that his daughter lives in mortal fear of being killed by terrorists despite his constant assurance that the house is guarded by a permanent security guard. His daughter is afraid that the barbarians are always at the gate. I am sure such thoughts are typical of most children today, who must be enduring a mix of fear and anxiety all the time. There are already signs of this constant unease, reflected in children's drawings and writing appearing in publications for young readers.

Terrorism is also harming children in other ways. As a result of the Talibanisation of the polio vaccination campaign, children are being deprived of life-saving and life-maintaining medical interventions. This may lead to the maiming of a whole new generation.

Children have also become cannon fodder for the militants. That children are in increasing numbers being recruited , indoctrinated and used as child suicide bombers no longer shocks us. The number of children being used as suicide bombers is growing. The use of children to inflict terror on other children is sadistic and nauseating, yet we have no strategy to rescue them.

Children also constitute a considerable proportion of those killed in drone attacks. Estimates put the number of children killed at a very conservative 176, yet much of the press commentary focuses on political point-scoring and the propping up of ambitious political careers. Little mention is made of the number of children killed and maimed as a direct result of the drone attacks.

Our response to the plight of children is tin-eared at best and indifferent at worst. This attitude needs to change. We can change the nature and direction of the debate about terrorism if we put the welfare of our children at the very heart of it. By rescuing children we can save ourselves and acquit ourselves honourably in the court of history. This would save us much flip-flopping on the issue of an operation against the Tehreek-i-Taliban Pakistan, too.

## सुन्तला बिक्रीबाट गाउँमा ५ करोड भित्रियो

बाग्लुङ । जिल्लाको बिहुँ गाविसमा यस वर्ष सुन्तलाको बिक्रीबाट साढे ५ करोड रूपैयाँ भित्रिएको छ । यस वर्ष बिहुँमा उत्पादित दुई हजार नौ सय मेट्रिकटन सुन्तला प्रतिकेजी ४५ देखि ५० रूपैयाँमा बोटबाटै बिक्री भएको कृषक बालानन्द कँडेलले बताए । पहिले कोदो र मकै फल्ने बारीभरि बिहुँका कृषकले व्यावसायिक सुन्तलाखेती गर्दै आएका छन् ।

'परम्परागत खेतीले खान त पुग्थ्यो, तर पैसाको मुख देख्न गाह्रो थियो,' कँडेलले भने, 'सुन्तलाको उत्पादन र बिक्रीले हामीलाई सन्तुष्ट बनाएको छ,' गाविसभर १२ हजार पाँच सय बोटमा फलेको सुन्तला काठमाडौं र पोखराका व्यापारीले बोटबाटै खरिद गरेको कँडेलले बताए ।

सुन्तला बिक्रीबाट गाउँमा ठूलो परिणाममा रकम भित्रिएपछि कृषक उत्साहित भएका छन् । जिल्ला कृषि विकास कार्यालयको प्राविधिक सहयोगमा सुन्तलाखेतीको रेखदेख र व्यवस्थापन गर्दै आएका कृषक बोटबाटै सुन्तला बिक्री हुनुका साथै राम्रो मूल्य पाएकाले उत्साहित भएको वरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद रिजालले बताए ।

सुन्तलामा लाग्ने रोगको नियन्त्रण र नयाँ बिरूवाको व्यवस्थापन तथा पुराना बिरूवाको कलमी र मलजलका लागि कृषि कार्यालयले सहयोग पुर्‍याउँदै आएको छ । राम्रो स्याहार र रेखदेख हुने हो भने सुन्तलाको एउटा बोटबाट एक सय ५० केजीसम्म सुन्तला उत्पादन हुने कृषक लोकनाथ कँडेलले बताए । अहिले गाविसका अगुवा कृषकका बारीमा दुई सयदेखि चार सयसम्म सुन्तलाको बगान छ ।

सुन्तलाको उत्पादन राम्रो भएपछि जिल्लाको बिहुँ गाविसलाई सुन्तलागाउँ घोषणा गर्न कृषकले माग गरेका छन् । सुन्तलागाउँ घोषणा गर्दा आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउन सहज हुने र अन्य व्यवसायलाई समेत सहयोग पुग्ने उनीहरूको भनाइ छ ।



# सिमान्तकृत नेपाली किसान

**नहेन्द्र खड्का**

नेपालको कूल जनसंख्याको ६५.७ प्रतिशत प्रत्यक्ष र थप १०–१५ प्रतिशत परोक्ष रूपमा कृषि पेशामा आश्रित छ । देशको कूल राष्ट्रिय आयको करीब ३३ प्रतिशत भाग कृषि क्षेत्रले ओगट्ने हुनाले यो नेपालको राष्ट्रिय अर्थतन्त्रको मेरूदण्ड हो ।

विश्वको मानचित्रमा क्षेत्रफलको हिसाबले सानो भएर पनि हाम्रो देश जैविक विविधताले सम्पन्न र जलस्रोतको धनी राष्ट्र हो । यहाँ हिमाल, पहाड, तराई र भित्री मधेस गरी चार प्रकारको भू–धरातलीय अवस्थिति छ भने सोही अनुरूप अनेकौं प्रकारका जलवायु, पर्यावरणीय क्षेत्रहरु र पारिस्थितिकीय प्रणाली (इकोसिष्टम) छन् । यस्ता क्षेत्रहरूको भू–धरातलीय यथार्थमा आधारित भई व्यावसायिक रूपमा धेरै प्रकारका खाद्यबाली, फलफूल, नगदेबाली र जडिबुटीहरु उत्पादन गर्न सकिने, अनेकौं प्रकारका पशुपंक्षीपालन गर्न सकिने र कृषि उत्पादन गर्न सकिने संभावना छ ।

विश्व जगत एक्काइसौं शताब्दीमा पदार्पण गरिरहँदा पनि नेपाल भने नवऔपनिवेशिक हस्तक्षेपसंग जुझ्दै सामन्तवादबाट पुँजिवादतर्फ संक्रमणको चरणमा छ । यथोचित सामाजिक विकासको अभाव र उत्पादन सम्बन्धमा जबरजस्त प्रगतिशील हस्तक्षेपको अभावको कारण नेपालको विशाल ग्रामीण भू–भागमा सामन्ती प्रकारको आर्थिक सम्बन्ध छ भने सीमित शहरी क्षेत्रमा दलाल तथा नोकरशाही पूँजीको बोलबाला छ । जसले गर्दा देशमा प्रगतिशील र अग्रगामी ढंगले पुंजिको विकास हुन सकिरहेको छैन ।

आज मानिसको जीवनका हरेक पक्षमा नयाँनयाँ प्रविधिको उच्चतम प्रयोग भइरहेको छ । मानव जीवनका हरेक पक्षलाई विभिन्न वैज्ञानिक प्रविधिले निरन्तर रूपमा आधुनिकीकरणको दिशामा लगिरहेका छन् । कृषि क्षेत्र पनि यसबाट प्रभावित भएको छ र क्रमिक रूपमा आधुनिकीकरण र व्यावसायीकरणतर्फ अग्रसर भइरहेको छ । त्यसको बाबजुद आजसम्म नेपालमा कृषि पेशा एक सम्मानजनक, आत्मनिर्भर र आकर्षक पेशाको रूपमा विकास भइसकेको छैन ।

आधारभूत रूपमा नेपालको कृषि क्षेत्रमा परम्परागत र निर्वाहमुखी खेती प्रणालीको बाहुल्यता रहेको छ । सामन्ती उत्पादन सम्बन्धको दबदबा छ । जीवनभर खेतबारीमा श्रम गर्ने, पसिना बगाउने र बाली उब्जाउने लाखौं किसान र कृषि श्रमिकको नाममा एक इन्च पनि जमीन छैन भने कहिल्यै खेतबारीमा पाइला नहाल्ने सामन्त, जमिन्दार, नोकरशाह र भूमाफियाको नाममा लाखौं विघा जमीन छ । जसको कारण एकापट्टि कामचोर सामन्तहरूसँग ठूलो परिमाणमा जमीनको स्वामित्व छ भने श्रमजीवी किसान र कृषि मजदूर खान नपाएर भोकभोकै मर्नुपर्ने अवस्था छ ।

नेपाल समाजमा सामान्यतयाः 'किसान' भन्दा एक गरीब, निर्धो, निमुखो, अशिक्षित र असभ्य मानिसको रूपमा हेरिन्छ । किसानलाई सदासर्वदा घृणा, अपमान र अपहेलना गर्ने, उनीहरूका न्यायोचित आवाजलाई निरन्तर रूपमा दमन र कुण्ठित गर्ने प्रवृत्ति कायमै छ । सामन्ती शोषणको जाँतोमुनि सदिऔंदेखि पिसिंदै आएका नेपाली किसान अहिलेसम्म पनि चप्पल लगाउने मैलोधैलो वर्गको रूपमा परिचित र परिभाषित हुँदै यहाँको स्वघोषित बुद्धिजीवी र सुकिलो-मुकिलो वर्गबाट निरन्तर शाषित, शोषित, अपमानित, अपहेलित हुँदै, ठगिँदै र पिल्सिँदै आएको छ ।

नेपाली किसान नेपालको राष्ट्रिय राजनीतिका मुख्य चालक शक्ति हुन् । यो देशको समग्र परिवर्तन र विकासको रूपरेखा किसानमा आधारित छ । सबै प्रकारका निर्वाचनमा किसानले 'कसलाई जिताउने' र 'कसलाई हराउने' निर्णायक भूमिका खेल्न सक्छन् । तर आफू स्वयं भने संधै राजनैतिक पार्टीका 'भोट बैंक' बनेर अरूको विजयोत्सव मनाउन विवश छन् । कहिल्यै पनि किसानलाई राज्य र राजनैतिक पार्टीहरूको नीति निर्माण गर्ने ठाउँमा पुर्‍याउने कोशिस गरिदैंन । नेपालको राजनैतिक इतिहासमा आजसम्म अल्पसंख्यक मानिसले किसान विरोधी नीति निर्माण गरेर बहुसंख्यक किसानमाथि थोपरी रहेका छन् र तिनै किसानमारा नीति नियमका आधारमा किसानमाथि शासन गरिरहेका छन् ।

संसदवादी राजनैतिक पार्टीले आफ्ना किसान संगठनलाई बूढा, पाका र सोझा मानिस डम्पिङ गर्ने ठाउंको रूपमा प्रयोग गर्ने गरेको देखिएको छ । अहिले समावेशीकरणको नारा हरेकका ओठ-मुखमा भुण्डिई रहेको बेलामा समेत किसानको समावेशीकरणबारे कतै एक शब्द सुन्न पाईदैन । कैयौं वामपन्थी दलहरूमा समेत किसान संगठनको कामलाई पार्टीको कामको रूपमा स्वीकार नगर्ने, किसान संगठन र त्यसमा काम गर्ने नेता/कार्यकर्तालाई अपमानित गर्ने, किसान संगठन र किसान नेतालाई राष्ट्रिय महत्वका मञ्चबाट बञ्चित गर्ने, किसान संगठनलाई चुनाव र संघर्षको घडीमा बाहेक जनवर्गीय संगठनभित्र समेत गणना नगर्ने जस्ता विसंगति पनि देखिएका छन् । पार्टीभित्रका स्वघोषित लोकतान्त्रिक पद्धतिमा पनि किसानको अलग्गै निर्वाचन क्षेत्र छुट्याईदैन । यसरी देशको सबैभन्दा ठूलो जनवर्ग र महत्वपूर्ण शक्तिको रूपमा रहेका किसानलाई सामाजिक, आर्थिक र राजनैतिक रूपमा सिमान्तीकृत गरिएको छ ।

के आफूलाई अब्बल दर्जाको कम्युनिष्ट ठान्ने एमाले पार्टी र त्यसका नेता रहेका कृषि विकास मन्त्री हरि प्रसाद पराजुलीले यो कुराको हेक्का राखेका होलान् ? यो प्रश्नका बाबजुद कृषि विकास मन्त्रालय माथि एक प्रकारको अडान राखेर आफूले लिएकोमा एमाले पार्टी र त्यसका नेता बामदेव गौतम धन्यवादका पात्र छन् । हेर्नु यो छ कि उनीहरूले यसको उपयोग कसरी गर्ने हुन् ? वर्ग हेर्छन् कि पार्टी ? उनिहरूले कसको हितलाई प्राथमिकता दिन्छन् ः नेपाली किसानको या माफियाको ? यसको उत्तर छिटै समयले दिनेछ ।

सामन्तवाद र साम्राज्यवाद/विस्तारवाद नेपाली किसानको उन्नति र प्रगतिका बाधक हुन् । यी नेपाली किसानलाई गरीबी, बेरोजगारी, अन्याय, अत्याचार, असमानता र पछौटेपनको अवस्थामा थिचिराख्ने दुई ठूला पहाड हुन् । यिनलाई नपन्छाइकन नेपाली किसानको मुक्ति संभव छैन । अर्थात वर्गीय मुक्ति बिना नेपाली किसानको वास्तविक मुक्ति संभव छैन ।

नेपाली समाज र त्यसको वर्गीय संरचनाले कृषि पेशा र किसानलाई जुन दर्जा दिए पनि कृषि पेशा बहुसंख्यक नेपालीको जीवन र जीविकाको आधार हो, राष्ट्रिय अर्थतन्त्रको मेरूदण्ड हो र नेपाली किसान नै यो देशका प्रमुख चालक शक्ति हुन् । उत्पादक किसानलाई नसमेटी वर्तमान नेपालको राजनीति र शासकीय संरचना बदल्न सकिंदैन । उनिहरूको नेतृत्व र सकृय सहभागिता बिना नेपालबाट सामन्तवादको समूल अन्त्य गरी पुँजिको विकास गर्ने र जनवाद हुँदै समाजवाद र साम्यवाद निर्माण गर्ने महान् कार्यभार पूर्ण हुन सक्दैन ।

वर्तमान सन्दर्भमा नेपालको जनवादी क्रान्ति भनेको मूलतः सामाजिक न्याय र उत्पादकत्व बृद्धिमा आधारित क्रान्तिकारी भूमिसुधार सहितको कृषि क्रान्ति हो । यो राजनैतिक र व्यावहारिक यथार्थलाई हृदयंगम गर्दै अब एमाओवादीले नेपाली किसान आन्दोलनलाई अझ बृहत, विस्तारित र मजबुत बनाउँदै जानुपर्छ । उसले किसान संगठनको कामलाई उच्च महत्व दिनुपर्छ । किसान संगठनले पनि परिवर्तित समय र सन्दर्भ अनुरूप सैद्धान्तिक, वैचारिक, व्यावहारिक र सांगठानिक रूपले आफूलाई पुर्नसंरचना, पुनर्सयोजन र सुदृढ गर्नुपर्छ । अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) र सोसँग आवद्ध विषयगत किसान संघहरूलाई जनता र किसानको तल्लो तहसम्म विस्तार गर्नुपर्छ । यो आजको क्रान्तिकारी किसान आन्दोलनको आवश्यकता हो, समय र परिस्थितिको माग हो । र, एक्काइसौं शताब्दीको जनवादी क्रान्तिको लागि अपरिहार्य आवश्यकता पनि ।

## कृषि सडकमा स्थानीयको लगानी

धरान । स्थानीयको लगानीमा धरानदेखि विष्णुपादुका बाखोपसम्म करिब १२ किलोमिटर ग्रामीण कृषि सडक निर्माण भएको छ ।

सुनसरीको विकट गाउँ मानिने विष्णुपादुकामा सडक बनेपछि करिब तीन हजार परिवार लाभान्वित भएको कृषि सडक निर्माण उपभोक्ता समिति उपाध्यक्ष अमर राईले बताए ।

कृषि सडक निर्माणमा विशेषगरी युवा सहभागिता उल्लेख रहेको उनको भनाइ छ । सडक अभावका कारण कृषिजन्य वस्तु धरान पुन्याउन र घरायसी सामग्री ल्याउन विष्णुपादुकावासीले सडक अभावका कारण समस्या भोग्दै आएका थिए । सडक निर्माणसँगै गाविसमा उत्पादित कृषिजन्य सामग्री सहज रूपमा धरान आउन थालेका छन् ।

गत वर्षको जेठदेखि निर्माण सुरू गरिएको सडकमा गाविस र जिविसबाट आर्थिक सहयोग नपाइएको स्थानीयले गुनासो गरेका छन् । सडक निर्माण गर्न पटक-पटक जिविस र गाविसलाई आग्रह गरिए पनि सुनुवाइ नभएको निर्माण समिति सदस्य सुजनले बताए ।

कृषि सडक धनकुटाको महाभारत गाविससम्म जोड्ने गरी निर्माण भइरहेको छ । महाभारतसम्म सडक सञ्जाल पुगे ऐतिहासिक सुलिकोट, रमितेडाँडालाई पर्यटकीय गन्तव्य बनाउन सकिने कृषि सडक निर्माण उपभोक्ता समिति अध्यक्ष जगत राईले जानकारी दिए ।

सडक निर्माणका लागि दुई सय १७ घरधुरीबाट करिब १६ लाख ९३ हजार संकलन भएको थियो । त्यस्तै, सोही क्षेत्रका जग्गादातासँग ४ लाख ३ हजार र विभिन्न खानेपानी उपभोक्ता समितिबाट २ लाख ४९ हजार ४ सय ५५ रुपैयाँ संकलन गरी जनश्रमदानबाट सडक निर्माण गरिएको उपाध्यक्ष राईले बताए ।

२३ लाख ४५ हजार ४ सय ५५ रूपैयाँ लागतमा सडक निर्माण पूरा भएको हो । विष्णुपादुका क्षेत्रमा अदुवा, स्कुस, मुला, साग, बेसार, अम्रिसोलगायत उत्पादन हुने गरेका छन् । उत्पादित विभिन्न वस्तुको पहिलो बजार धरान हुँदै आएको छ ।



# काम गर्ने महिला, ज्याला लिने पुरुष

*देवेन्द्र कार्की*

खोटाङ चिसापानीका नरबहादुर खड्का र उनकी श्रीमती भगवतीको सानो चियापसल छ । भगवती दिनभर चिया बेच्छिन् । दिनभरको कमाइ बेलुका श्रीमान्लाई बुझाउँछिन् । नरबहादुर भने धेरैजसो क्यारेमबोर्ड खेलेर समय बिताउँछन् । तर, चिया बेचेर आएको आम्दानी भने उनकै हातमा हुन्छ ।

भोजपुर वासिङथर्पुका भोजराज कार्कीको परिवार खेती-किसानी गर्छ । उनीहरूको मनग्य आम्दानी हुने खेतबारी छ । भोजराज गाउँका नेता हुन् । सबै खेतिपातिको जिम्मेवारी श्रीमती मनमाया कार्कीले गर्छिन् । तर, खेतिपातीबाट आएको (मकै, आलु बेचेको) आम्दानीको व्यवस्थापन भोजराजले गर्छन् ।

कामको जिम्मेवारी महिलाको थाप्लामा र त्यहाँबाट आएको आम्दानीको नियन्त्रण पुरूषको हातमा हुने प्रचलन खोटाङ र भोजपुरमा मात्र होइन, नेपालभर नै छ । महिला १८ घन्टा काम गर्छन्, तर उनीहरूले भनेको बेला आफूले श्रम गरेर कमाएको पैसा खर्च गर्न पाउँदैनन् । महिलाले गर्ने घरभित्रका हुन् वा घरबाहिरका कामलाई अहिले पनि उत्पादनशील काममा गणना गरिँदैन । सामाजिक तथा घरायसी काममा महिलाको भूमिका महत्वपूर्ण हुने गरेको छ । घर व्यवस्थापनमा ठूलो जिम्मेवारी सम्हालेका महिलाको आर्थिक मामिलामा भने अत्यन्तै कम पहुँच हुने गरेको पाइन्छ ।

समाजमा उत्पादनशील कार्यमा पुरूषहरूको बढी पहुँच र घरभित्रका तथा कम उत्पादनशील कार्यमा महिलाको संलग्नता बढी रहेको सरकारी तथ्याङ्कले देखाएको छ । सबैभन्दा बढी काममा महिला नै खटिन्छन् । घर व्यवस्थापन गर्ने ठूलो जिम्मेवारी उनीहरूमै हुन्छ । तर, आर्थिक मामिलामा उनीहरूको पहुँच अत्यन्तै न्यून हुन्छ ।

सन् २०११ को राष्ट्रिय जनगणनाले देखाएअनुसार भूमि र पशुपालनमा महिलाले बढी काम गर्छन् । तर, स्वामित्व भने अत्यन्त न्यून देखिन्छ । महिलाको घर र जमिनमा स्वामित्व १९.७१ प्रतिशत र पशुपालनमा ७.२४ प्रतिशत (३,०२,०५२) छ । यो आँकडाले व्यवस्थापन महिलाले गर्ने र त्यसबाट हुने आम्दानी पुरूषको हातमा पुग्ने प्रस्ट पारेको छ ।

नेपाल मानव विकास प्रतिवेदन २००४ को तथ्याङ्कमा माछा मार्ने काममा महिलाको उपस्थिति १५ प्रतिशत छ । निर्माणकार्यमा १८ प्रतिशत, यातायात, भण्डार तथा सञ्चारमा ४ प्रतिशत महिला सहभागिता छ । यस्तै स्वास्थ्य तथा समाजसेवामा २९ प्रतिशत, क्षेत्रीय संस्थाहरु तथा निकायहरूमा ६ प्रतिशत महिलाको उपस्थिति छ । वित्तीय मध्यस्थतामा १५ प्रतिशत, घरजग्गा बहाल तथा व्यवसायी क्रियाकलापमा महिलाको उपस्थिति १४ प्रतिशत छ । यो तथ्याङ्कले आर्थिक गतिविधिमा पनि महिलाको उपस्थिति ज्यादै न्यून देखाएको छ ।

सन् २०११ को कृषि मन्त्रालयको तथ्याङ्कअनुसार खेतबारीमा कुन बाली लगाउने भनेर निर्णय गर्ने महिलाको सङ्ख्या ६० प्रतिशत छ । बीउको छनोटमा ५२ प्रतिशत, रासायनिक मल हाल्ने काम २९ प्रतिशत महिलाले गर्छन् । कम्पोस्ट मल हाल्ने काममा ९६ प्रतिशत महिला छन् । यस्तै, ५० प्रतिशतले सिँचाइ गर्ने काम गर्छन् । गोडमेलमा ७२ प्रतिशत र बाली भित्र्याउने काममा ६३ प्रतिशत महिलाको सहभागिता हुने गरेको छ । बढी मिहिनेत गर्नुपर्ने, गाह्रो काम महिलाले गरिरहेका छन् । पुरूषहरु यस्तो कामको जिम्मा महिलाको हो भन्ने ठान्छन् । देशका धेरै गाउँ घुमेका गायक अमृत गुरूङको अनुभव छ, 'महिला घरधन्दा गर्ने, मल बोक्ने, बारी स्याहार्ने काममा खटेका थिए तर पुरूषहरु धेरै ठाउँमा दिनभर तास खेलेर बसेको देखेँ ।'

महिलाले बढी जिम्मेवारी र मानसिक तनाव भोग्नुपर्ने बाध्यता रहेको हङकङ नेपाली महासङ्घकी उपाध्यक्ष रीता गुरूङ बताउँछिन् । महिलालाई आर्थिक स्रोतमाथि अधिकारविहीन बनाइँदा पुरूषहरूको मुख ताक्नुपर्ने अवस्थाले नेपाली महिलाको जीवनस्तर अझै उक्सन नसकेको उनको बुझाइ छ ।

वुमन डेभलपमेन्ट एन्ड डेमोक्रेसी १९९६ को एउटा तथ्याङ्कले घरगृहस्थी सञ्चालनको निर्णय प्रक्रियामा पनि महिलाको भूमिका न्यून रहेको देखाएको छ । तथ्याङ्कअनुसार पैसा राख्ने महिला ४८.६ प्रतिशत, बजार गएर किनमेल गर्ने ४३.७ प्रतिशत, फर्म व्यवस्थापनमा ३२.७ प्रतिशत, घरेलु खर्च व्यवस्थापनमा ३९ प्रतिशत, बालबालिकाहरूको शिक्षामा २८.६ प्रतिशत, उपहार, धार्मिक एवम् सामाजिक यात्रामा ३७.७ प्रतिशत र घरायसी उत्पादन वस्तुको खर्च र पुँजीको प्रयोगमा महिलाको उपस्थिति २३.१ प्रतिशत मात्र रहेको छ । माथिको तथ्याङ्कले घरायसी निर्णयमा विशेषगरी आर्थिक स्रोतको नियन्त्रण र परिचालनमा तुलनात्मक रूपमा महिलाको हैसियत न्यून देखिन्छ ।

उत्पादनशील कार्यहरूमा महिलाको संलग्नता छ भने आयआर्जन कार्यहरूमा पुरूषहरूको संलग्नता बढी छ । महिलालाई घाँस-दाउरा गर्ने, घरायसी सेवामा लाग्ने, स्याहार-सम्भार, सफासुग्घर गर्ने, लुगा धुनेलगायतको कार्यमा सीमित राखिने गरिएको छ । ठूलो जिम्मेवारी छ, तर आर्थिक मूल्य छैन । श्रमिकका रूपमा महिलाले काम गरे पनि उनीहरूलाई कम पारिश्रमिक दिने संस्कारले महिला दबिएका छन् ।

'छोराछोरी समान' नारामा मात्र सीमित छ । महिलाले केही गर्न अघि सर्‍यो भने 'पोथी बासेको राम्रो हुँदैन' भनेर पुरूषले होच्याउने प्रवृत्ति हटेको छैन,' ल्याक महिला सशक्तीकरण तथा परामर्श केन्द्र सुनसरीकी अध्यक्ष मीना पुलामी भन्छिन्, 'हामीसँगै हिँड्नुपर्छ भनेर पुरूषले नसोचिदिँदा महिला पछाडि परेका छन् । सम्पत्तिमाथिको स्वामित्व महिलाको पनि हुनुपर्छ भनेर राज्यले व्यवस्था गरे पनि समाजमा कार्यान्वयन हुन सकेको छैन ।'

महिला र पुरूषबीच जैविक रूपमा भिन्नता भए पनि यी दुई प्राकृतिक रूपमा समान छन् । तर, इतिहास निर्माणको क्रममा जब समाजमा पितृसत्ता हावी हुँदै गयो तब महिलामाथि विभिन्न असमानता सिर्जना हुँदै गएको पाइन्छ । सामाजिक सङ्घ-संस्था, राजनीतिक, आर्थिक, धार्मिक संस्थाहरूमा महिलालाई कम सहभागिता गराउँदै जाँदा आज महिला हरेक क्षेत्रमा पछाडि परेका छन् । घरपरिवार व्यवस्थापनमा महत्वपूर्ण जिम्मेवारी पूरा गर्ने महिलामा स्रोत परिचालन र आर्थिक कारोबार गर्ने जिम्मेवारीमा उनीहरूको सहभागिता न्यून छ ।

सम्पत्तिमा महिलाको स्वामित्व ल्याउन राज्यले पहल गरे पनि कार्यान्वयन पक्ष कमजोर छ । सरकारले महिला र पुरूष दुवैको सम्पत्तिमा स्वामित्व बराबरी बनाउन कानुन ल्याएको छ । महिलाको नाममा घरजग्गा पास गर्दा राजस्वसमेत छुट गरे पनि महिला आफैँले आफ्नो अधिकार खोज्न नसकेको यूएन वुमन युनिफेमकी कार्यक्रम विज्ञ शरू जोशी श्रेष्ठ बताउँछिन् । 'सम्पत्तिमा स्वामित्व बढाउन नयाँ काम भएका छन् । जुन कुरामा प्रचारप्रसारको अभाव छ,' जोशी भन्छिन्, 'महिला आफ्नो अधिकार खोज्न पनि चुकेका छन् । सम्पत्तिमा स्वामित्व महिलाहरूले खोज्नुपर्छ ।'

सञ्चारिका लेख

## कुस्मामा तरकारी बजार

पर्वत । सदरमुकाम कुस्माबजारमा ब्यबस्थित तरकारी बजार निर्माण गर्न थालिएको छ । कृषि उपज बिक्रीस्थलका रूपमा कुस्माको बगैचाचोकमा ब्यबस्थित तरकारी बजार निर्माण सुरू भएको हो ।

जिल्ला कृषि बिकास कार्यालय पर्वत र पर्वत उद्योग बाणिज्य संघको निजी साझेदारी अभियानअर्न्तगत तरकारी बजार निर्माण थालिएको हो ।

भवनको लागत करिब १ करोड १० लाख अनुमान गरिएको छ । जिल्ला कृषि बिकास कार्यालयको ७० प्रतिशत र पर्वत उद्योग बाणिज्य संघको ३० प्रतिशत लगानी हुनेछ भने शिबालय उच्चमाबिले २० बर्षका लागि भाडामा जमिन उपलब्ध गराउनेछ ।

सदरमुकावासीलाई स्वस्थ तरकारी उपलब्ध गराउने लक्ष्यसहित तरकारी बजार निर्माण थालिएको जिल्ला कृषि बिकास कार्यालयका प्रमुख बरिष्ठ कृषि बिकास अधिकृत बासुदेब रेग्मीले जानकारी दिए ।

# भारतको आम चुनाव र नेपालको हिन्दूराष्ट्र

डा.विनिता

भारतको आमनिर्वाचन, भाजपाका नेता नरेन्द्र मोदीको नेतृत्वको सरकार र नेपालको हिन्दूत्व जोडिन पुगेको तर्क भारतीय विश्लेषकहरू गर्न थालेका छन् । भारतकै कारण नेपाल धर्मनिरपेक्ष राष्ट्र घोषणा हुनपुगेको र राजतन्त्रको अन्त्य भएको भए पनि भाजपाका अध्यष राजनारायण सिंह नेपाललाई हिन्दूराष्ट्रका रूपमा हेर्न चाहेको बताइसकेका छन् भने नरेन्द्र मोदी पनि पूर्वराजासँग पटक पटक भेटेर हिन्दूराष्ट्रमा हिन्दू नरेश हेर्न चाहेको आकांक्षा जाहेर गरिसकेका छन् । त्यसो भए भारतको निर्वाचनमा मोदीको जीतमा नेपाली हिन्दूवादीको राजनीतिक उम्मीद रहेको छ भन्न सकिन्छ ।

१९८२ तिर भाजपा नाममात्रको थियो । भाजपा र राजदरवारवीच मीठो सम्बन्ध थियो । लालकृष्ण आडवाणीदेखि अटलविहारी बाजपायीसम्म नेपालका नरेशलाई भगवानको अवतारका रूपमा लिन्थे, त्यही अनुसार भेट गर्थे । तर, भारतले माओवादी हतियार चलाएर कांग्रेसको प्रस्तावमा राजतन्त्र र कांग्रेसकै नेतृत्वमा राजनीतिक सहमतिका आधारमा नेपाललाई धर्मनिरपेक्ष घोषणा गराउन सघायो । २०६५ साल जेठ १५ पछि पशुपतिनाथदेखि आन्द्र, केरलासम्म लाल करिडर बनिसकेको छ र शायद भारतलाई भूल अनुभव भइसकेको छ । त्यसैले नेपालमा हिन्दूराष्ट्रप्रति भाजपा बढी संवेदनशील भएर आएको हुनुपर्छ । आगामी चुनावमा मोदीले जिते र प्रधानमन्त्री भए भने नेपालको हिन्दूराष्ट्रको आन्दोलनमा निकै प्रभाव पर्ने निश्चित छ । यो वीचमा राप्रपा नेपालका अध्यक्ष कमल थापाले दिल्ली पुगेर नरेन्द्र मोदीसँग भेट गरेर आइसकेका छन् । मोदी हिन्दूत्वको कडा अनुशासनमा रहेकाले राम जन्मभूमि विवादमा उनी नराम्ररी मुछिएका थिए । नेपालमा ८३ प्रतिशत हिन्दू छन् र तिनको सदासयता मोदीतिर हुनु स्वभाविक हो । हुन पनि मोदी र राजनाथ सिंहले पटक पटक भनिसकेका छन् कि नेपाल धर्मनिरपेक्ष राष्ट्र घोषणा गर्नु गलत हो । नेपाल हिन्दूराष्ट्र हुनुपर्छ । नेपाली विद्वान, विश्लेषकहरू भारतको नेपालनीति गलत भएकाले नेपालमा परिवर्तन त आयो तर भारतका प्रति घृणा बढाएर आयो, नेपालमा भारतको पकड खस्कदै गएको छ । भारतले कुनै पनि नेपाली भारतविरोधी हुनैसक्दैन भन्ने यथार्थमा उभिएर सोच्नै सकेनन् भन्छन् ।

भारतले १२ बुँदे दिल्ली सम्झौता गराएर माओवादी र प्रजातन्त्रवादीलाई मिलाइदिएको थियो । यस सम्झौताबाट भारतलाई कुनै लाभ भएन । हो, नेपालले दुःख पायो, लामो संक्रमण भोगिरहेको छ । यो संक्रमणभन्दा बढी बेफाइदा भारतलाई भएको छ । यद्यपि विश्लेषकहरू भन्छन्- मोदी सत्तामा आए पनि 'र' ले मोदीलाई नेपालमा हिन्दूवाद फैलाउन र बलियो पार्न दिने सम्भाबना कम छ । तर, हिन्दूवादी र संवैधानिक राजतन्त्रवादी राप्रपा नेपाल नेपालमा यी दुबै विषय स्थापित गराएर छाड्ने संकल्प लिएर संविधानसभा, संसदमा गएका छन् । राप्रपा नेपालका अध्यक्ष कमल थापाले मोदीसँग भेटवार्ता गरिसकेकाले कुनै जेन्टलमेन्ट एग्रीमेन्ट भएको हुनसक्छ भन्छन् विश्लेषकहरू । यद्यपि भाजपाका अध्यक्ष तथा मोदीले नेपालमा हिन्दूराष्ट्रका बारेमा नेपाली जनताले निर्णय गर्नेछन् भन्ने अभिव्यक्ति पनि दिएका छन् ।

नेपालमा हिन्दूराष्ट्र कायम हुनु भनेको स्वतः राजतन्त्र स्थापित हुनु हो । हिन्दूत्व र राजतन्त्र पर्याय संष्कृतिका द्योतक हुन् नेपालका सन्दर्भमा । पूर्वराजा पटक पटक अनेक निम्तो मान्न भारत जाँदा मोदी र राजनाथ सिंहले पटक पटक भेटेका छन् भने आजकल भारतले पूर्वराजालाई वर्तमान राजालाई दिनेजस्तै सम्मान दिन थालेको अनुभूति गर्नेहरू पनि प्रशस्तै छन् । पूर्वराजाले राजतन्त्र ल्याउने कुनै आकांक्षा प्रकट गरेका छैनन्, संविधानसभालाई नै सघाइरहेको देखिन्छ । तर, कतिपय मन्दिर दर्शनमा जाँदा राजनीतिक दलहरू राजतन्त्र फर्काउने प्रयास भनेर आलोचना गर्ने गरेका छन् । भारतका दूत हुन् करण सिंह । उनी पटक पटक नेपाल आएका छन् र पूर्वराजालँई पनि भेट्ने गर्छन् । करण सिंह नै त्यस्ता व्यक्ति हुन् जो २०६३ साल वैशाख ११ गतेको राजनीतिक सहमतिका साक्षी हुन् । उनी कुनै प्रकारको राजतन्त्र नेपालमा रहोस् भन्ने सम्झौँताका किनाराका साक्षी भए पनि आजसम्म उनले यस विषयमा मुख खोलेका छैनन् । पार्टीहरूविरूद्ध पूर्वराजाले बोल्ने हिम्मत गरेनन् । यसकारण राजनीतिक नेताहरू सिंहदरवारदेखि शितलनिवाससम्मका मुखिया बने, पूर्वराजा दरवार छाडेर नागार्जुन जंगलतिर लाग्नुपर्‍यो । यसरी मोदीको चर्चा नेपालमा बढे पनि माओवादी र राजतन्त्रविरोधीहरू नेपालमा अव राजतन्त्र अथवा हिन्दूराष्ट्र फर्कन नसक्ने तर्क गर्छन् । अहिलेसम्म भारतले नेपालप्रति खासै दिलचस्पी देखाएको देखिन्न ।


## EVENT

**परिचय :** व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको स्थापना विश्व बैंकको आर्थिक सहयोगमा नेपाल सरकारबाट भएको हो । यो परियोजनाले सीपयुक्त र तत्काल बजारमा रोजगार माग भएबमोजिम जनशक्ति आपूर्ति गर्न गुणस्तरीय तालिमको पहुँच विस्तार गरी नेपालमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रमलाई सुदृढ गर्न सहयोग गर्ने छ । नेपाल सरकार र विश्व बैंकबीच भएको सम्झौताअनुसार यो परियोजनाको अवधि जुलाई २०११ देखि अक्टोबर २०१५ सम्म रहेको छ । परियोजनाले खासगरी सुविधाहीन जस्तैः गरिब, सुविधाहीन क्षेत्रमा बसोबास गर्ने समुदाय , महिला, दलित, अति सीमान्तकृत जनजाति र अपाङ्गता भएका समूहलाई लक्षित गरी समावेशी तरिकाबाट प्राविधिक शिक्षा र व्यवसायिक तालिमको पहुँच वृद्धि गर्ने छ ।

**परियोजनाका उद्देश्यहरू :**

विशेषगरी तालिमलाई रोजगारीसँग आबद्ध गर्ने र नतिजाउन्मुख प्रतिफलका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रणालीको कार्यसम्पादन क्षमता र जवाफदेहितामा जोड दिने यो परियोजनाको समग्र उद्देश्य हो । अविकसित क्षेत्र र उपेक्षित युवावर्गलाई लक्षित गर्ने भएकाले यसले समावेशी चरित्रलाई समेट्न सक्ने अपेक्षा राखिएको छ । नेपालमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम पद्धतिलाई सुदृढ गर्दै गुणस्तरीय तालिम कार्यक्रममा लक्षित समूहका युवाहरूको तालिममा पहुँच बढाउँदै दक्ष तथा रोजगारयोग्य श्रमशक्तिको आपूर्ति बढाउनु परियोजनाको उद्देश्य हो ।

उपेक्षित युवावर्गलाई लक्षित गर्दै समावेशी प्रक्रियाबाट प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रममा यो समूहको पहुँचलाई सम्बोधन गर्ने काममा यो परियोजना लाग्ने छ । अपाङ्ग व्यक्तिहरू, लोपोन्मुख सीमान्तकृत जनजाति, दलित महिलाहरू र गरिब एवम् पछाडि परेका क्षेत्रहरूलाई यो परियोजनले विशेष ध्यान दिनेछ ।

**परियोजनाको विकास उद्देश्यको उपलब्धि तलका मुख्य सुचनाहरुबाट मापन गरिन्छ :**

१. यस कार्यक्रमअन्तर्गत तालिम लिएका सहभागीहरूको ३ र ६ महिनापछिको रोजगार दरमा वृद्धि ।
२. सहयोग गरिएका संस्थाहरूमा प्राविधिक प्रवेशिका र डिप्लोमा कोर्षमा भर्ना दरमा वृद्धि ।
३. औपचारिक रूपमा तालिम नलिएका राष्ट्रिय सीप परीक्षण समितिबाट स्तर निर्धारण गरिएको युवाहरूको संख्यामा वृद्धि ।

**नेपाल सरकार**
**शिक्षा मन्त्रालय**
**व्यवसायिक शिक्षा तथा तालिम**
अभिवृद्धि (EVENT) परियोजना
तिनकुने, काठमाडौं

## /Elg va/

# 'काउब्वायको देशमा'माथि अन्तर्क्रिया

काठमाडौं । दुर्गा पौड्याल र मदनलाल पौड्यालको नियात्रासंग्रह 'काउब्वायको देशमा'माथि अन्तर्क्रिया गरियो । छोराबुहारीलाई भेट्न अमेरिका पुगेका पौड्याल दम्पतीले अमेरिकाका विभिन्न ठाउँको भ्रमणबारे नियात्रामा लेखेका छन् । अन्तर्क्रियामा साहित्यकारहरु तारानाथ शर्मा, बैरागी काइँला, अरविन्द रिमाल, गीता केशरी, हिरण्य भोजपुरेलगायतले पुस्तकमाथि टिप्पणी गरेका थिए । कार्यक्रममा बोल्दै लेखक मदनलालले अमेरिका पुगेर फर्केपछि आफ्नो अन्तिम इच्छा पुस्तक लेख्नु रहेको बताए । उनले पुस्तक लेख्ने सोच पहिले नभए पनि अमेरिका रहँदा लेखिएको डायरीले पुस्तकको रूप प्राप्त हुँदा खुसी लागेको बताए ।

किताबमाथि बोल्दै साहित्यकार तारानाथ शर्माले पौड्याल दम्पतीको लेखनले आफूलाई अमेरिकै पुऱ्याएकोजस्तो महसुस भएको बताए । त्यस्तै, अरविन्द रिमालले पुस्तकमा अमेरिकाको अन्धभक्तमात्र नभएर नेपालको माया पनि भएको बताए । कलाकार नन्दलाल श्रेष्ठले पौड्याल दम्पतीको लेखनले आफूलाई अमेरिकाको चित्र सम्फन सहयोग गरेको बताए ।

कार्यक्रममा वसन्त लोहनी, तारालाल श्रेष्ठ, रामेश गौतम, हरिभक्त सिग्देल, उर्मिला श्रेष्ठ, नरेन्द्रराज पौडेल, डा. महेशकुमार उपाध्याय, श्रीओम श्रेष्ठ रोदन, प्रकाश लोहनी, जयदेव गौतम, तुलसीहरि कोइरालाले पनि किताबको चर्चा गरे । सोही कार्यक्रममा नौलो नेपाली द्वैमासिकले मदनलाल पौड्याल, गीता केसरी, रमेश गौतम पाल्पाली र आरडी प्रभासलाई नेपाली साहित्यमा दिएको योगदानको कदर गर्दै सम्मानपत्र प्रदान गरेको थियो ।

# वीर गोर्खालीको छयांकन सुरू



गोरर्खालीको वीर गाथामा आधारित चलचित्र 'वीर गोर्खाली'को पोखराका विभिन्न रमणीय स्थानमा छायाँकन भइरहेको छ । हाईट एण्ड डेफ्थ फिल्म्स् प्रालिको ब्यानरमा निर्मित चलचित्र 'वीर गोर्खाली'का प्रस्तुतकर्ता सञ्जयबाबु ढकाल हुन ।

अविनाश गुरूङ, गरिमा पन्त, भीम गुरूङ, रूपा राना, रूद्र गुरूङ, गोविन्द के.सी., शम्भु थापालगायतको मूख्य अभिनय रहने 'वीर गोर्खाली'मा विमल पौड्याल र शीव घिमिरेको संयुक्त निर्देशन रहेको छ । भारतमा समेत छायाँकन गरिने चलचित्रमा राजेन्द्र खड्गीको द्वन्द्व, राजु शाहको नृत्य, लक्ष्मण शेषको सङ्गीत रहने छ ।

# सक्षमपछि सुदिपको विश्वास

गायक सुदीप शाही ठकुरी श्रोतामाझ विश्वासका साथ आउँदैछन् । यसअघि तीन एल्बम श्रोतालाई दिइसकेका ठकुरीले चौथो एल्बमका रुपमा 'विश्वास' ल्याउन लागेका हुन् । यस एल्बमबाट दर्शक/श्रोताको माया र हौसला पाउने विश्वाससमेत उनले लिएका छन् । 'विश्वास' एल्बमको म्युजिक भिडियो रिलिज गर्दै ठकुरीले भने, 'यस एल्बमबाट श्रोता एवं दर्शकबाट माया र हौसलाको अपेक्षा गरेको छु ।'

गायक ठकुरीले 'विश्वास' एल्बमको 'धेरैपछि म आको' बोलको म्युजिक भिडियो आइतबार विभिन्न टेलिभिजनबाट रिलिज गरेका छन् । उनले अर्को साता एल्बम नै रिलिज गर्ने बताए । 'म्युजिक भिडियो रिलिज गरेर मात्र एल्बम



रिलिज गर्ने सोच आयो' उनले भने, 'गीत मिडियामा छाडेर एल्बम रिलिज गर्नु उचित लाग्यो ।' 'धेरैपछि म आको' गीतको म्युजिक भिडियोको निर्देशन निकेश खड्काले गरेका हुन् । नरेश बिरसिंहले कोरियोग्राफी गरेको सो भिडियोमा अभिनेत्री तथा मोडल दीपशिखा शाही र नरेशले अभिनय गरेका छन् । म्युजिक भिडियोलाई विदुर पाण्डेले खिचेका हुन् । गीत अनुसार म्युजिक भिडियो स्तरिय बनेकाले दर्शक तथा श्रोताले मनपराउन सक्ने शाहीको विश्वास छ ।

गायक ठकुरीले यसअघि 'लोभै लागेछ', सर्माउँदा' र 'सक्षम' एल्बम श्रोतालाई दिइसकेका छन् । पहिलो एल्बम 'लोभै लागेछ' को शीर्ष गीतबाट गायकको पहिचान बनाएका ठकुरीले त्यसपछि केही समय सांगीतिक क्षेत्रबाट 'ब्रेक' लिएका थिए ।

# प्रेम र रोमान्सबारे 'क्रेजी लभ'

काठमाडौं । पाँचथरका लेखक गजेन्द्र मोक्तानको उपन्यास *'क्रेजी लभ'* सार्वजनिक भएको छ । 'ग्ल्यामर जीवन रूचाउने युवापुस्ताको गाउँले प्रेमबारे लेखिएको उपन्यास सार्वजनिक गरेपछि हरि अधिकारीले भने, 'अहिले बजारमा चलनचल्तीको फास्टफुड पुस्तालाई सोचेर उपन्यास लेख्ने क्रम बढ्दै छ । यस्तै फेसनमा नयाँ अर्को उपन्यास थपिएको छ ।'

प्रेम र त्यसले निम्त्याउने दुखद परिणतीबारे लेखिएको उपन्यास विदेशमा बस्ने नेपालीलाई आफ्नै कथाफैं लाग्ने कथाकार ध्रुव सापकोटाको तर्क थियो । त्यस्तै, निबन्धकार दीपक सापकोटाले वैदेशिक रोजगारी र त्यसले समाजमा ल्याएको विचलनका साथै प्रेम-पीडामाथि लेखिएको उपन्यासले अहिलेको पुस्तालाई सम्बोधन गरेको बताए । भमककुमारी घिमिरेको आत्मकथा 'जीवन काँडा कि फूल' पढेर आफू पनि लेखक बन्न सक्छु भन्ने प्रेरणा पाएपछि 'क्रेजी लभ' लेखिएको लेखक मोक्तानले बताए । उपन्यास बिएन पुस्तक संसारले प्रकाशन गरेको हो ।

# देश दर्शनको प्रकृतिसँग होली

काठमाडौं । देश दर्शनको आयोजनामा प्रकृतिसँग होली कार्यक्रम चैत्र १ गते शनिवार बागद्वार (बाग्मती नदीको उद्गम स्थल) मा विशेष कार्यक्रम सहित सम्पन्न भयो । विहान ८ बजेबाट सुरू भएको यात्रा बेलुका ८ बजे नै सम्पन्न भएको थियो । कार्यक्रममा देश दर्शनका संरक्षक वरिष्ठ निबन्धकार/नियात्राकार युवराज नयाँघरेले सहभागीहरूलाई प्राकृतिक रूपमै सात रंगबाट रँगिएको



माटोको रंग लगाइदिए ।

सोही अवसरमा देश दर्शनले कविता प्रतियोगिता पनि आयोजना गरिएको थियो । प्रतियोगितामा १५ जना प्रतियोगीले प्रकृतिसँग सम्बन्धित कविता वाचन गरेका थिए । प्रतियोगितामा राजीव खत्री प्रथम, उपेन्द्र घिमिरे द्वितीय र रुपा लामाले तृतीय स्थान हासिल गरेका थिए । नेपाली संस्कृति र प्रकृतिलाई नजिकबाट अध्ययन गर्न युवाहरूको तदारूकतामा देश दर्शन गठन भएको छ । यसले पदयात्रा मार्फत प्राकृतिक सुन्दरता र महत्वको प्रचारप्रसार गर्ने आफ्नो मूल लक्ष्य लिएको छ ।

## skt/6

# सिद्धार्थ रेमिट अब एसबिएल रेमिट

काठमाडौं । सिद्धार्थ बैंकले सिद्धार्थ रेमिटको ब्रान्ड परिवर्तन गरी एसबिएल रेमिट बनाएको छ । नाम परिवर्तनबाट बैंकको रेमिट्यान्स सेवाको अन्तराष्ट्रिय पहुँच, सेवास्तर र ग्राहक सेवा थप बढ्ने अपेक्षा बैंकको राखेको छ । बैंकको सिद्धार्थ रेमिटले हाल खाडी मुलुक कतार, साउदी अरेबिया, ओमन, यु.एई., मलेशिया, दक्षिण कोरियाका साथै यूरोपेली मुलुकबाट समेत सेवा प्रदान गर्दै आएको छ । कम्पनीका हाल ७५ वटै जिल्ला समेट्ने गरी २७०० भन्दा बढि भुक्तानी केन्द्र सन्जाल छन् ।

# विद्यार्थीसँग राष्ट्र बैंकको साक्षात्कार

काठमाडौं । राष्ट्र बैंकले राजधानीका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीसँग साक्षात्कार गरेको छ । बैंकले विश्व वित्तिय सप्ताह मनाउने क्रममा राजधानीका विद्यार्थीलाई वित्तिय क्षेत्रबारे जानकारी दिन साक्षात्कार गरेको हो ।

राष्ट्र बैंकका लघुवित्त प्रवर्द्धन र निरिक्षण विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले विद्यार्थीसँग साक्षात्कार गर्ने क्रममा पैसा कसरी छापिन्छ, कसरी जोगाएर राख्ने र पैसा बचाउने शैलीबारे जानकारी दिइएको बताए । बैंकले गत २७ फागुनदेखि विश्व वित्तिय सप्ताह मनाइरहेको छ । सप्ताहको माध्यमबाट बैंकले वित्तिय साक्षरता अभियान थालेको बताएको छ । कार्यक्रममा गर्भनर डा. युवराज खतिवडाले हरेक महिना एउटा विद्यालय गएर वित्तिय शिक्षा दिइने जानकारी दिए ।

# टेलिकमको निःशुल्क वाइफाई अवधि थप

काठमाडौं । नेपाल टेलिकमले हटस्पटबाट राजधानीमा उपलब्ध गराइरहेको निःशुल्क वाईफाई इन्टरनेट सेवाको समयावधि थपेको छ । कम्पनीले चैत मसान्तसम्म निःशुल्क प्रयोग गर्न पाउने गरी वाईफाई इन्टरनेट समय बढाएको हो । ग्राहक सहभागितालाई ध्यानमा राखी समय बढाइएको टेलिकमले जनाएको छ । काठमाडौं उपत्यका तथा उपत्यका बाहिरका स्थानमा समेत हटस्पट वाईफाई सेवा विस्तार कार्य भइरहेको विज्ञप्तिमा उल्लेख छ ।

# स्ट्यान्डर्ड चार्टर्ड उत्कृष्ट बैंक सूचीमा

काठमाडौं । स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल सन् २०१४ को उदाउँदो उत्कृष्ट बैंकका रूपमा घोषित भएको छ । ग्लोबल फाइनान्स म्यागेजिनले यो वर्षका लागि तयार पारेको विश्वका उत्कृष्ट बैंकको सूचीमा नेपालबाट स्ट्यान्डर्ड चार्टर्ड बैंक छनोट भएको हो ।

बैंक 'द वर्ल्ड बेस्ट इमर्जिङ मार्केट्स बैंक इन एसिया प्यासिफिक २०१४' को उपाधिबाट सम्मानित भएको छ । एसिया प्रशान्त क्षेत्रको बजारमा बलियो उपस्थिति जनाएको भन्दै बैंकलाई म्यागेजिनले उपाधिबाट सम्मान गरेको हो । म्यागेजिनका उद्योग विश्लेषक, कर्पोरेटविज्ञ र बैकिङ विश्लेषकको छनोटका आधारमा उपाधि दिने गरिएको बैंकले जनाएको छ । एसिया प्रशान्त क्षेत्रका ३० मुलुकका बैकिङ बजार सर्वेक्षण गरिएकमा त्यसमध्ये स्ट्यान्डर्ड चार्टर्ड बैंक अग्रपंक्तिमा रहेको बताइएको छ ।

# नेपाल एसबिआई बैंकको सहयोग

काठमाडौं । नेपाल एसबिआई बैंकले नन्दी माध्यमिक विद्यालयलाई १ लाख १० हजार नगद छात्रवृत्ति तथा एक थान फोटोकपी मेसिन सहयोग उपलब्ध गराएको छ । बैंकले विद्यालयबाट विसं. ०६९ को एसएलसी परीक्षामा उत्कृष्ट १० स्थान हासिल गर्ने विद्यार्थीलाई जनही ११ हजारका दरले छात्रवृत्ति प्रदान गरेको हो ।

बैंकका प्रबन्ध सञ्चालक आलोककुमार शर्माले विद्यार्थीलाई छात्रवृत्ति रकम वितरण गरेका थिए । विद्यालयमा अध्ययनरत सुविधाविहीन विद्यार्थीलाई लक्षित गरी बैंकले अत्याधुनिक फोटोकपी मेसिन सहायतास्वरूप उपलब्ध गराएको जनाएको छ । फोटोकपी मेसिन बैंक सञ्चालक समिति अध्यक्ष हसना शर्माले विद्यालयका प्रधानाध्यापक यदु अधिकारीलाई हस्तान्तरण गरेकी थिइन् । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालयबाट उत्कृष्ट अंक ल्याई एसएलसी पास गर्ने विद्यार्थीलाई चार वर्षदेखि छात्रवृत्ति प्रदान गर्दै आएको जनाएको छ ।

# एम नेपाल र इसर्भ ग्लोबलबीच सम्झौता

काठमाडौं । बैकिङ कारोबारको पहुँच पुगे-नपुगेका समुदायको आवश्यकतालाई लक्षित गरी एम नेपालले बजारमा सेवा विस्तार गर्ने भएको छ । ग्राहकलाई सेवा प्रदान गर्न कम्पनीले फ्रान्सको इसर्भ ग्लोबलको अवधारणा प्रयोग गरिने जनाएको छ ।

गत फागुन १५ मा बार्सिलोनामा सम्पन्न जिएसएमए मोबाइल वर्ल्ड कंग्रेस-२०१४ मा कम्पनी र इसर्भ ग्लोबलबीच सम्झौता भएको थियो । सम्झौतापत्रमा कम्पनी सञ्चालक मंगेशलाल श्रेष्ठ र इसर्भ ग्लोबलको सिएफओ स्टेभन बुनडेलले हस्ताक्षर गरेका थिए । इसर्भ ग्लोबलको अवधारण हाल ५० भन्दा बढी मुलुकमा प्रयोग भइरहेको बताइएको छ ।

# वित्तीय साक्षरता अभियानमा रावाबैंक

काठमाडौं । नेपाल राष्ट्र बैंकको अगुवाइमा ग्लोबल मनी विक २०१४ मनाउने सिलसिलामा काठमाडौंमा आयोजित पदयात्रा कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकले सहभागिता जनाएको छ । राष्ट्रिय वाणिज्य बैंक वित्तीय साक्षरता अभियान ०७० कार्यक्रमअन्तर्गत पहिलो शृंखलाका रूपमा आयोजित राष्ट्रिय वाणिज्य बैंक पदयात्रा कार्यक्रमको बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले शुभारम्भ गरे । बैंकको केन्द्रीय कार्यालय परिसरमा आयोजित उक्त शुभारम्भ समारोहमा बैंकका नायब महाप्रबन्धक भेषराज पन्थी, उच्चपदस्थ कर्मचारीलगायत दुई सय कर्मचारीको सहभागिता थियो ।

